# ऋपट पुरस्कार अभिलेख



ऋपट पुरस्कार व्यवस्था समिति

# ऋपट पुरस्कार अभिलेख

वि.सं. [illegible] काठमाडौं

# ऋपट पुरस्कार अभिलेख

ऋपट पुरस्कार, यज्ञ-केशर पुरस्कार, सैनध्वज-नन्दकुमारी
शोधपुरस्कार तथा यज्ञविक्रम शिक्षासम्मान : अद्यावधिक अभिलेख
२०८२

प्रस्तुति तथा सम्पादन
**प्रा.केशव सुवेदी**

प्रकाशक
ऋपट पुरस्कार व्यवस्था समिति
बानेश्वर, काठमाडौं

# ऋपट पुरस्कार अभिलेख


प्रकाशक : **ऋपट पुरस्कार व्यवस्था समिति**
बानेश्वर, काठमाडौं


© सुरक्षित, २०८० साल (2024)


संस्करण : दोस्रो, २०८२ चैत

प्रति : ५०० प्रति

मूल्य : रू.२००/-

लेआउट : सुमन कार्की

मुद्रण : सहारा प्रिन्ट कनेक्सन, काठमाडौं
फोन : ९८५१०७४१३३

# प्रकाशकीय

आफ्ना प्रातःस्मरणीय पिता झपटबहादुर राणाले साहित्य सृजनामार्फत पुऱ्याउनुभएको विशिष्ट साहित्यिक योगदानलाई व्यवस्थित गर्दै नेपाली भाषा, साहित्य, कला, संस्कृति एवम् शिक्षाक्षेत्रको संवर्धनमा समेत टेवा पुऱ्याउने उद्देश्यले हाम्रा बुबा यज्ञविक्रम राणाले २०३७ सालमा झपट पुरस्कार तथा २०३९ सालमा सैनध्वज-नन्दकुमारी विद्वद्वृत्ति/पुरस्कार स्थापना गरिबक्सेको थियो। बुबाज्यूको देहावसानपछि मुमा केशरकुमारी राणाले आफ्ना अग्रसरतामा २०७१ सालमा यज्ञविक्रम शिक्षा सम्मान/पुरस्कार स्थापना गरिबक्सेको थियो। मुमाज्यूको देहावसानपछि उपर्युक्त पुरस्कारहरूलाई एकीकरण र समायोजन गरी हाल झपट पुरस्कार, यज्ञ-केशर पुरस्कार र सैनध्वज-नन्दकुमारी शोध पुरस्कार कायम गरिएको छ।

झपट पुरस्कार व्यवस्था समितिमा संलग्न रही यी पुरस्कारहरूलाई संस्थागत एवम् गरिमामय बनाउनमा योगदान पुऱ्याउनुहुने विशिष्ट स्रष्टाहरू महान् नाटककार बालकृष्ण सम, इतिहासकार सूर्यविक्रम ज्ञवाली, युगकवि सिद्धिचरण श्रेष्ठ, राष्ट्रकवि माधवप्रसाद घिमिरे, महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी, समालोचक प्रा.ठाकुरप्रसाद पराजुली, समालोचक प्रा.डा.दयाराम श्रेष्ठ, कवि तथा समालोचक घटराज भट्टराई, समालोचक सहप्रा.शरद्चन्द्र शर्मा, भाषा-साहित्यसेवी सहप्रा.रमा शर्मा, कवि सहप्रा.प्रयागराज भट्टराई 'वाशिष्ठ' लगायत अन्य लब्ध प्रतिष्ठित व्यक्तित्वहरूप्रति हृदयदेखि नै नमन गर्दछौँ।

झपट पुरस्कार स्थापनाकालदेखि हालसम्म कार्यसमितिमा रही योगदान पुऱ्याउनुहुने पदाधिकारीहरू, विभिन्न समितिमा रहेर योगदान गर्ने व्यक्तित्वहरू, विभिन्न पुरस्कारबाट पुरस्कृत व्यक्तित्वहरू, विशेष सम्मानद्वारा सम्मानित महानुभावहरूको नामावलीसहितको अभिलेखलाई अद्यावधिक गर्न अथक परिश्रम गर्नुहुने प्रा.केशव सुवेदी, झपट पुरस्कार व्यवस्था समितिका सल्लाहकारहरू इन्दिरा प्रसाई र नरेन्द्रराज प्रसाई तथा अन्य पदाधिकारीहरू एवम् परिवारजनप्रति हार्दिक धन्यवादसहित कृतज्ञता व्यक्त गर्दछौँ ।

अन्त्यमा, आगामी दिनमा झपट पुरस्कार व्यवस्था समितिलाई थप ऊर्जाशील बनाउने कार्यमा यहाँहरू सबैको आशीर्वाद र पथप्रदर्शन प्राप्त भइरहने छ भन्ने अपेक्षा पनि गर्दछौँ ।

**अरुण राणा**
अध्यक्ष

**रेखा राणा**
सदस्य सचिव

झपट पुरस्कार व्यवस्था समिति

# प्राक्कथन

सहायक रथी श्री यज्ञविक्रम राणा भाषा, साहित्य, कला, संस्कृतिलाई माया गर्ने शिक्षाप्रेमी व्यक्तित्व हुनुहुन्थ्यो । उहाँले आफ्ना प्रातःस्मरणीय पिता झपटबहादुर राणाका सृजनात्मक व्यक्तित्व र योगदानबारे व्यवस्थित रूपमा अध्ययन-अनुसन्धान गराउनाका साथै नेपाली वाङ्मयको सेवा गर्ने पवित्र उद्देश्यले झपट पुरस्कारको स्थापना गर्नुभएको हो । झपट पुरस्कारसँगै उहाँले आफ्ना सासू-ससुराका स्मृतिमा सैनध्वज-नन्दकुमारी शिक्षा पुरस्कार तथा विद्वद्वृत्ति/पुरस्कारको पनि स्थापना गर्नुभएको थियो । एक वर्षकै अन्तरालमा स्थापित यी दुवै पुरस्कारहरू उहाँका नितान्त वैयक्तिक-पारिवारिक आर्जनबाट व्यवस्थापन र सञ्चालन हुँदै आएका छन् । यी दुईवटा पुरस्कार/सम्मानको व्यवस्था गरी नेपाली भाषा, साहित्य, कला, संस्कृति र शिक्षाक्षेत्रको संवर्धनमा सघाउ पुऱ्याउने जुन सङ्कल्प यज्ञविक्रम राणाले लिनुभएको थियो त्यसलाई साकार पार्नमा घटराज भट्टराईको महत्त्वपूर्ण उत्प्रेरक भूमिका रहेको थियो र झपट पुरस्कारको स्थापनाकालदेखि बाँचुन्जेल उहाँले झपट पुरस्कार व्यवस्था समितिको सदस्यसचिवको उत्तरदायित्व समालेर यज्ञविक्रम राणालाई ज्यादै नजिकबाट सघाउनुभएको थियो । यसै गरी उदारमना यज्ञविक्रम राणा र उहाँकी धर्मपत्नी केशरकुमारी राणाका त्याग र समर्पणबाट स्थापित उपर्युक्त पुरस्कारहरूको व्यवस्थापन र तिनका प्रति नेपाली समाज र सृजना संसारको आदरभाव जागृत गर्दै संस्थागत प्रतिष्ठाको अभिवृद्धि गर्नमा सुरुदेखि नै समितिमा रहेर पुरस्कार संस्थापक यज्ञविक्रम

राणालाई प्रोत्साहन र मार्गनिर्देशन गर्दै आजसम्मको पुग नपुग साढे चार दशक लामो गौरवपूर्ण इतिहास निर्माण गर्नमा इतिहासकार सूर्यविक्रम ज्ञवाली, युगकवि सिद्धिचरण श्रेष्ठ, राष्ट्रकवि माधवप्रसाद घिमिरे, महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी, समालोचक प्रा.ठाकुरप्रसाद पराजुली, समालोचक प्रा.डा.दयाराम श्रेष्ठ, समालोचक सहप्रा. शरद्चन्द्र शर्मा, साहित्यसेवी सहप्रा. रमा शर्मा, कवि सहप्रा.प्रयागराज 'वाशिष्ठ' लगायतका नेपाली भाषा-साहित्य जगत्का लब्ध प्रतिष्ठित सर्जक-साधकहरूको अविस्मरणीय भूमिका रहेको छ। यसै गरी समितिमा रहेर वा नरहेर पनि महान् नाटककार बालकृष्ण सम, वरिष्ठ समालोचक प्रा.डा.ईश्वर बराल, साहित्यसेवी कमलमणि दीक्षित, भाषा-साहित्यका अध्येता प्रा.डा.चूडामणि बन्धु, भाषाशास्त्री प्रा.डा.बल्लभमणि दाहाल, महाकवि प्रा.शिवगोपाल रिसाल, वरिष्ठ साहित्यिक पत्रकार उत्तम कुँवर, समालोचक कृष्णचन्द्रसिंह प्रधान, कवि प्रा.दैवज्ञराज न्यौपाने, कवि/समालोचक घनश्याम कँडेल, समाजशास्त्री जनकलाल शर्मा, भाषाशास्त्री प्रा.बालकृष्ण पोखरेल, समालोचक प्रा.डा.केशवप्रसाद उपाध्याय, कवि/समालोचक मोहन हिमांशु थापा, अन्वेषक पूर्णप्रकाश नेपाल 'यात्री', वरिष्ठ आख्यानकार डा.ध्रुवचन्द्र गौतम, साहित्यकार/सम्पादक उत्तम कुँवर लगायतका विशिष्ट स्रष्टा-साधकहरूबाट प्राप्त स्नेह, सद्भाव र आशीर्वादले पनि उपर्युक्त पुरस्कारहरू प्रतिष्ठित बन्न पुगेका हुन्। नेपाली वाङ्मय जगत्का यी धरोहरहरूका छहारीमा बसेर यज्ञविक्रम र केशरकुमारी राणा तथा उहाँका समस्त परिवारजनले सक्दो मलजल गर्दै आएका कारणले पनि जनस्तरमा स्थापित यी पुरस्कारहरू प्रतिष्ठित छन् र यज्ञकेशरको देहावसानपछि यिनको प्रतिष्ठालाई चिरजीवन प्रदान गर्ने गहन उत्तरदायित्व विशेषतः यज्ञ-केशरका छोरा-बुहारी श्री अरुण राणा र श्रीमती रेखा राणाका काँधमा आइपुगेको छ। अब उहाँहरूले यी पुरस्कारहरूलाई परम्परागत पैतृक दायित्वका रूपमा वहन गर्दै यिनलाई निरन्तरता प्रदान गर्नुहुने छ भन्ने विश्वास नेपाली साहित्यिक जगत्ले लिएको छ। यसै गरी २०८० सालमा नवगठित झपट पुरस्कार समिति तथा सल्लाहकारहरू पनि यज्ञ-केशरद्वारा सङ्कल्पित उक्त पुरस्कार र सम्मानहरूको

गरिमालाई उत्तरोत्तर अभिवृद्धि गर्दै जाने महान् यज्ञकर्ममा उदात्त भावले निरन्तर समर्पित हुनुहुने छ भन्ने आशा र अपेक्षा गरिएको छ।

अन्तमा, प्रस्तुत अभिलेख तयार पार्ने क्रममा विशेषतः झपट पुरस्कार व्यवस्था समितिका अध्यक्ष अरुण राणा र सदस्य सचिव रेखा राणा तथा सल्लाहकार इन्दिरा प्रसाई र नरेन्द्रराज प्रसाई एवम् यज्ञ-केशरकी छोरी नीरा बस्नेतबाट प्राप्त सूचना-सामग्री र सरसल्लाहका निम्ति म उहाँहरू सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यसै गरी यस अभिलेखलाई छापास्वरूप प्रदान गर्नमा अथक परिश्रम र सहयोग गर्ने मेरा प्रिय मित्र डा.लेखराज खतिवडाप्रति पनि हार्दिक आभार प्रकट गर्दछु। नेपाली सिर्जना संसार उत्तरोत्तर महिमामय बन्दै जाओस् भन्ने कामनासहित -

मिति २०८२ चैत्र १४
चन्द्रागिरि- १५ काठमाडौँ

विनीत
**प्रा.केशव सुवेदी**
उपाध्यक्ष
झपट पुरस्कार व्यवस्था समिति

# विषयक्रम

१. **झपट पुरस्कार : सङ्क्षिप्त अभिलेख**/१३

झपट पुरस्कार स्थापनाको पृष्ठभूमि/१३

झपट पुरस्कार व्यवस्था समितिको गठन/१४

प्रथम झपट स्मृतिसभा/१४

झपट पुरस्कार व्यवस्था समितिको अद्यावधिक परम्परा/१६

झपट पुरस्कारका संस्थापक यज्ञविक्रमको देहावसानपछि समितिको पुनर्गठन/१९

राष्ट्रकवि माधवप्रसाद घिमिरेको अध्यक्षतामा सम्पन्न पछिल्लो कार्यक्रम/२२

झपट पुरस्कार / विशेष सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू/२३

झपटबहादुर तोरणकुमारी विशेष सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू/२५

तोरणकुमारी कला संस्कृति पुरस्कारद्वारा पुरस्कृत व्यक्तित्वहरू/२५

झपट पुरस्कार व्याख्यानअन्तर्गत प्रस्तुत गरिएका व्याख्यानहरू/२५

झपट स्मृतिग्रन्थको सम्पादन र प्रकाशन/२७

झपटबहादुर राणा र झपट पुरस्कार विषयक स्नातकोत्तर शोधकार्यहरू/२८

यज्ञ पुस्तक सङ्ग्रहालय र त्यसबाट प्रकाशित ग्रन्थहरू/२८

२. **सैनध्वज–नन्दकुमारी विद्वद्वृत्ति गुठी : सङ्क्षिप्त अभिलेख**/ ३०
गुठीको स्थापना/ ३०
गुठीको प्रथम साधारण सभा र कार्यसमितिको गठन/ ३१
गुठीका पदाधिकारी तथा सदस्यहरूमा हेरफेर/ ३३
गुठीबाट स्थापित पुरस्कारहरू/ ३५
सैनध्वज पुरस्कारबाट पुरस्कृत छात्रहरू/ ३६
नन्दकुमारी पुरस्कारद्वारा पुरस्कृत छात्राहरू/ ३७
सैनध्वज-नन्दकुमारी विद्वद्वृत्ति/पुरस्कार/ ३९
विद्वद्वृत्ति/पुरस्कार सिफारिस गर्नका लागि गठित विशेषज्ञ समितिहरू/ ३९
सैनध्वज-नन्दकुमारी विद्वद्वृत्ति/पुरस्कारबाट सम्मानित अनुसन्धाताहरू/ ४४
३. **यज्ञविक्रम राणा शिक्षा सम्मान : सङ्क्षिप्त अभिलेख**/ ४७
यज्ञविक्रम राणा शिक्षा सम्मानको स्थापना/ ४७
यज्ञविक्रम राणा शिक्षा–सम्मानद्वारा सम्मानित उ.मा.वि.का छात्रछात्राहरू/ ४८
४. **पुरस्कार व्यवस्थापन र वितरणमा व्यवधान र शिथिलता**/ ५०
५. **झपट पुरस्कार व्यवस्था समितिको पुनर्गठन, २०८०**/ ५२
६. **विभिन्न पुरस्कारबाट पुरस्कृत व्यक्तित्वहरूको मन्तव्य- २०८०**/ ५५
७. **झपट पुरस्कार व्यवस्थापन समितिको २०८२ सालमा बसेका बैठक र तिनका निर्णयहरू**/ ६३
८. **पुरस्कृत व्यक्तित्वहरूको मन्तव्य- २०८२**/ ६४
९. **झपट पुरस्कार व्यवस्थापन समितिका अध्यक्ष तथा संरक्षक श्री अरुण राणाको सङ्क्षिप्त परिचय**/ ७५
१०. **झपट पुरस्कार व्यवस्थापन समितिका सचिव श्रीमती रेखा राणाको सङ्क्षिप्त परिचय**/ ७७
११. **पुरस्कार समर्पण समारोहका तस्बिरहरू**/ ७९

# झपट पुरस्कार : सङ्क्षिप्त अभिलेख

## झपट पुरस्कार स्थापनाको पृष्ठभूमि

बडामहाराजाधिराज पृथ्वीनारायण शाहसँगै नेपाल एकीकरण अभियानमा संलग्न रामकृष्ण कुँवरका सुयोग्य सन्तति झपटबहादुर राणा (१९५३-२०३०) नेपाली साहित्यका बहुमुखी स्रष्टा हुन् । आफ्ना जीवनकालमा प्रथमतः बडाहाकिमका रूपमा प्रशासनिक सेवामा र पछि सैन्य सेवामा संलग्न राणा शाही नेपाली सेनामा लेफ्टिनेन्ट कर्णेलसम्म भई सेवानिवृत्त भएका थिए । उनले विक्रमको १९७० का दशकदेखि आफ्नो सृजनायात्रा प्रारम्भ गरेका थिए र नेपाली साहित्यका विभिन्न विधामा निरन्तर कलम चलाउँदै आएका थिए। तर उनले विभिन्न समयमा सृजना गरेका कृतिहरूले उनकै जीवनकालमा पुस्तकाकार स्वरूप पाउन सकेका थिएनन् भने उनका साहित्यिक कृतिहरूको समीक्षा-समालोचनाका प्रयासहरू पनि थालिएका थिएनन्। यही वस्तुसत्यलाई हृदयङ्गम गरी झपटबहादुर राणा र तोरणकुमारीका सुयोग्य साहिँला सुपुत्र यज्ञविक्रम राणाका अग्रसरतामा झपट पुरस्कारको स्थापना भएको हो ।

झपट पुरस्कारका संस्थापक यज्ञविक्रम राणा (१९८०-२०६८) सुशिक्षित व्यक्तित्व हुन् । उनले इन्जिनियरिङ तथा मानविकीतर्फका राजनीतिशास्त्र, अर्थशास्त्र र अङ्ग्रेजी विषयहरू र व्यवस्थापन, कानुनलगायतका विविध विषयमा उच्च शिक्षा हासिल गरेका थिए। पेसाले सैन्य सेवामा संलग्न राणा शाही नेपाली सेनामा सहायक रथीको सम्मानित दर्जामा पुगी सेवानिवृत्त भएका

थिए। यज्ञविक्रम पनि विक्रमको १९९० को दशकका अन्ततिरदेखि साहित्य सृजनामा सक्रिय भएका थिए। सृजनामा उनको अभिरुचि त थियो नै; जीवनका उत्तरार्धतिर आइपुग्दा नेपाली भाषा - साहित्यको संवर्द्धनमा पनि उनको त्यत्तिकै अभिरुचि पैदा भएको थियो। उनी साहित्यस्रष्टाहरू, प्राज्ञिक व्यक्तित्वहरू र समाजसेवीहरूलाई हृदयदेखि नै आदर-सम्मान गर्थे र उनीहरूसँगको सामीप्य र सम्बन्धमा गौरव गर्थे। यज्ञविक्रममा अन्तर्निहित साहित्य र ज्ञानप्रतिको त्यही अनुराग र सम्मानभाव एवम् त्याग र समर्पणका प्रतिफलस्वरूप उनले आफ्ना प्रातःस्मरणीय पिता झपटका सृजनाहरूको सङ्कलन र प्रकाशन एवम् उनका सृजनात्मक योगदानको अध्ययन-अनुसन्धान कार्यलाई ससम्मान प्रोत्साहित गर्दै जाने उद्देश्यले कीर्तिशेष आफ्ना पिता झपटबहादुर राणाका स्मृतिमा झपट पुरस्कारको स्थापना गरेका थिए। यस पुनीत कार्यका निम्ति राणालाई हृदयदेखि नै साथ दिँदै साहित्यको आराधनाका निम्ति निरन्तर उत्प्रेरित गर्ने कवि तथा समालोचक एवम् साहित्यसेवी श्री घटराज भट्टराईको निष्ठापूर्ण सक्रियताको पनि विशिष्ट भूमिका रहेको छ।

### झपट पुरस्कार व्यवस्था समितिको गठन

यज्ञविक्रम राणाद्वारा झपट पुरस्कार स्थापनाको सङ्कल्पपछि त्यसको सञ्चालनका निम्ति २०३७ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका तत्कालीन उपकुलपति माधवप्रसाद घिमिरेका अध्यक्षतामा उपाध्यक्ष यज्ञविक्रम राणा र सदस्यहरू प्रा.डा. वासुदेव त्रिपाठी, प्रा.ठाकुर पराजुली, प्रा.डा. दयाराम श्रेष्ठ, श्री शरद्चन्द्र शर्मा एवम् सदस्य सचिव श्री घटराज भट्टराई रहेको झपट पुरस्कार व्यवस्था समिति गठन गरिएको थियो। व्यवस्था समितिमा रहेका उपर्युक्त विशिष्ट स्रष्टा-साधकहरूकै सुझबुझपूर्ण सक्रियता र भाषा-साहित्यको संवर्धनका प्रतिको निःसर्त प्रतिबद्धताकै फलस्वरूप जनस्तरमा स्थापित यस संस्थाले साहित्यिक आराधनाको जग निर्माण गर्न थालेको थियो।

### प्रथम झपट स्मृतिसभा

झपट पुरस्कार व्यवस्था समितिका अग्रसरतामा नेपाली साहित्य र

प्राज्ञिक क्षेत्रका विशिष्ट साधकहरूका समुपस्थितिमा २०३८ साल जेठ ९ गते शुक्रवारका दिन पहिलोपल्ट झपट स्मृतिसभाको आयोजना गरियो। नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति श्री माधवप्रसाद घिमिरेका सभापतित्वमा सम्पन्न उक्त स्मृतिसभामा निम्नानुसारका व्यक्तित्वहरूको गौरवपूर्ण उपस्थिति रहेको थियो :

श्री बालकृष्ण सम
श्री सिद्धिचरण श्रेष्ठ
श्री सूर्यविक्रम ज्ञवाली
श्री माधवप्रसाद घिमिरे
श्री कमलमणि दीक्षित
प्रा.डा.वासुदेव त्रिपाठी
प्रा.डा.चूडामणि बन्धु
प्रा.डा.बल्लभमणि दाहाल
प्रा.डा.मोहन हिमांशु थापा
श्री उत्तम कुँवर
श्री ठाकुरप्रसाद पराजुली
श्री शरद्‌चन्द्र शर्मा
श्री विजयकुमार चालिसे
श्री सुश्री उमा कार्की
श्री चन्द्रबहादुर थापा
श्री गेहेन्द्रमान अमात्य
श्री रत्नलाल चित्रकार
श्री घटराज भट्टराई
श्री तेजप्रकाश श्रेष्ठ
श्री अमरकुमार प्रधान
श्री यज्ञविक्रम राणा

उक्त स्मृतिसभामा उपर्युक्त विशिष्ट व्यक्तित्वहरूका अतिरिक्त यज्ञविक्रम राणाकी धर्मपत्नी श्रीमती केशरकुमारी राणा र उनका परिवारजनका सदस्यहरूको पनि उपस्थिति थियो।

## झपट पुरस्कार व्यवस्था समितिको अद्यावधिक परम्परा

२०३८ साल जेठ ९ गतेका दिन आयोजित उक्त स्मृतिसभाले नै झपट पुरस्कार व्यवस्था समितिका लागि विधान तर्जुमा गर्ने, समितिलाई सरकारी स्वीकृति दिलाउन आवश्यक प्रक्रिया सुरु गर्ने र पुरस्कारसम्बन्धी सम्पूर्ण व्यवस्था मिलाउने प्रयोजनका लागि सुप्रसिद्ध इतिहासकार एवम् साहित्यकार नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति श्री सूर्यविक्रम ज्ञवालीका अध्यक्षतामा निम्नानुसारको समिति गठन गरेको थियो :

(१) श्री सूर्यविक्रम ज्ञवाली- अध्यक्ष

(२) प्रा. डा. वासुदेव त्रिपाठी- सदस्य

(३) प्रा. डा. मोहन हिमांशु थापा- सदस्य

(४) श्री उत्तम कुँवर - सदस्य

(५) श्री शरद्चन्द्र शर्मा- सदस्य

(६) श्री यज्ञविक्रम राणा- सदस्य

(७) श्री घटराज भट्टराई- सदस्य सचिव

२०३८ सालदेखि नै झपट पुरस्कार व्यवस्था समितिद्वारा प्रत्येक वर्ष साहित्यकार झपटबहादुर राणाका व्यक्तित्व र कृतित्वका कुनै एक पक्षमा व्याख्यान गराउने र उनका छरिएका प्रकाशित अप्रकाशित कृतिहरूका सङ्कलन तयार पार्न लगाई प्रकाशन गर्दै जाने उद्देश्य राखिएको थियो । यी परियोजनाहरूलाई साकार पार्न नेपाली भाषा-साहित्यका विद्वान्, अध्येता, अनुसन्धाताहरूलाई अनुरोध गर्ने र उहाँहरूलाई झपट पुरस्कारबाट सम्मानित गर्दै जाने परम्परा प्रारम्भ गरिएको थियो । यसरी व्याख्यान तथा ग्रन्थ सम्पादनमा संलग्न भई आआफ्ना तर्फबाट प्राज्ञिक योगदान दिएका र झपट पुरस्कारद्वारा पुरस्कृत तथा सम्मानित व्यक्तित्वहको नामावली यसै अभिलेखमा प्रस्तुत गरिएको छ ।

सूर्यविक्रम ज्ञवालीका अध्यक्षतामा गठित उपर्युक्त समितिले सुरुदेखि नै झपट पुरस्कारको व्यवस्थापन र सञ्चालन गर्दै आएकोमा २०४२ सालमा

उहाँको असामयिक देहावसान भएपछि रिक्त हुन आएको अध्यक्ष पदमा नेपाली स्वच्छन्दतावादी-प्रगतिवादी धाराका विशिष्ट कवि सिद्धिचरण श्रेष्ठलाई समितिको अध्यक्षता गर्न अनुरोध गरिएकोमा उहाँले त्यसलाई सहर्ष स्वीकार गरी झपट पुरस्कार व्यवस्थापन समितिलाई गौरव प्रदान गर्नुभएको थियो । यसैबिच समितिका सदस्य 'रूपरेखा' मासिकका सम्पादक तथा प्रतिभाशाली स्रष्टा उत्तम कुँवरको निधनपछि रिक्त सदस्य पदमा २०४० सालदेखि समालोचक श्री ठाकुरप्रसाद पराजुलीलाई समावेश गरिएको थियो भने कार्यव्यस्तताका कारण समितिका बैठकहरूमा नियमित रूपमा उपस्थित हुन असमर्थ भएपछि प्रा. डा. मोहन हिमांशु थापाका ठाउँमा २०४३ सालदेखि डा. दयाराम श्रेष्ठलाई समावेश गरिएको थियो । यसरी सिद्धिचरण श्रेष्ठका अध्यक्षतामा निम्नानुसारको व्यवस्था समिति निर्माण भएको देखिन्छ :

(१) श्री सिद्धिचरण श्रेष्ठ- अध्यक्ष

(२) प्रा. डा. वासुदेव त्रिपाठी- सदस्य

(३) श्री ठाकुरप्रसाद पराजुली- सदस्य

(४) डा. दयाराम श्रेष्ठ- सदस्य

(५) श्री शरच्चन्द्र शर्मा भट्टराई- सदस्य

(६) सहायक रथी यज्ञविक्रम राणा- सदस्य

(७) श्री घटराज भट्टराई - सदस्य सचिव

कवि सिद्धिचरण श्रेष्ठले झपट पुरस्कार व्यवस्था समितिको अध्यक्षको जिम्मेवारी लिएपछि उहाँका नेतृत्वमा समितिले पुग नपुग ६ वर्ष (२०४२-२०४८) सम्म आफ्नो जिम्मेवारी पूरा गरेको थियो । २०३७ सालदेखि २०४८ सालसम्मको पुरस्कार स्थापनापछिको पुग नपुग १२ वर्षका अन्तरालमा साहित्यकार झपटबहादुर राणाविषयक अनेक अध्ययन, अनुसन्धान र ग्रन्थप्रकाशनका महत्त्वपूर्ण कार्यहरू सम्पन्न भएका थिए भने जनस्तरमा स्थापित यस संस्थाले साहित्यिक तथा प्राज्ञिक समाजमा उच्च सम्मान र गौरवपूर्ण प्रतिष्ठा पनि आर्जन गर्दै आएको थियो ।

झपट पुरस्कार व्यवस्था समितिको अध्यक्षको जिम्मेवारी सह्माल्दै आएका वरिष्ठ कवि सिद्धिचरण श्रेष्ठको असामयिक देहावसानपछि समिति अभिभावकविहीन बन्न पुग्यो । यस स्थितिमा समितिको अध्यक्षता ग्रहण गर्न नेपाली काव्यपरम्पराका धरोहर एवम् नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति राष्ट्रकवि माधवप्रसाद घिमिरेलाई अनुरोध गरिएकोमा उहाँले त्यसलाई हृदयदेखि नै स्वीकार गर्नुभयो । यसरी २०४९ सालदेखि कविवर माधवप्रसाद घिमिरेका अध्यक्षतामा झपट पुरस्कार व्यवस्था समिति विविध सृजनात्मक र प्राज्ञिक क्रियाकलापका साथ क्रियाशील हुँदै आएको थियो । उहाँले जीवनका अन्तिम प्रहरसम्म यस संस्थालाई अभिभावकीय छहारी प्रदान गर्दै संस्थाको प्रतिष्ठा अभिवृद्धि गर्नमा महत्त्वपूर्ण योगदान दिनुभएको थियो । यसैबिच स्थापनाकालदेखि नै झपट पुरस्कार व्यवस्था समितिमा सदस्यका रूपमा अनवरत क्रियाशील हुँदै आएका समालोचक शरच्चन्द्र शर्मा भट्टराईको असामयिक देहावसान भएपछि समितिले रिक्त हुन आएको उक्त सदस्य पदमा २०६० सालदेखि भाषा-साहित्यसेवी श्री रमा शर्मालाई मनोनयन गरेको थियो ।

यसै गरी नेपाली भाषा, साहित्य, संस्कृति र समाजसेवामा निष्ठावान् साहित्यकार यज्ञविक्रम राणालाई झपट पुरस्कारको स्थापनाकालदेखि नै हार्दिकतापूर्वक साथ, सहयोग र सल्लाह दिने कुशल साहित्यसङ्गठक प्रा. घटराज भट्टराईको असामयिक देहावसानबाट समितिले अर्को अपूरणीय क्षति बेहोर्नुपर्‍यो । त्यसपछि स्थापनाकालदेखि उहाँले सह्माल्दै आएको रिक्त सदस्य सचिवको जिम्मेवारी कवि श्री प्रयागराज भट्टराई 'वाशिष्ठ' लाई प्रदान गरिएको थियो । यसरी २०६३ सालसम्म आइपुग्दा झपट पुरस्कार व्यवस्थापन समितिमा निम्नानुसारका पदाधिकारी तथा सदस्यहरू रहनुभएको थियो :

(१) राष्ट्रकवि माधवप्रसाद घिमिरे- अध्यक्ष

(२) सहायक रथी यज्ञविक्रम राणा- संस्थापक/उपाध्यक्ष

(३) प्रा. डा. वासुदेव त्रिपाठी- सदस्य

(४) प्रा. ठाकुरप्रसाद पराजुली- सदस्य

(५) प्रा. डा. दयाराम श्रेष्ठ- सदस्य

(६) श्री रमा शर्मा- सदस्य

(७) सहप्रा. प्रयागराज भट्टराई 'वाशिष्ठ'- सदस्य सचिव

२०४९ सालदेखि राष्ट्रकवि माधवप्रसाद घिमिरेको अध्यक्षता र अभिभावकत्वमा झपट पुरस्कार व्यवस्था समितिले नेपाली भाषा, साहित्यको संवर्धनका निम्ति विभिन्न कार्यहरू गर्दै आएको थियो । यसैबिच पुरस्कार स्थापनाको तिसौँ वर्ष अर्थात् २०६६ साल कार्तिक २२ गते बसेको व्यवस्था समितिको बैठकमा यसका संस्थापक-संरक्षक यज्ञविक्रम राणाले अहिलेसम्म समर्पण गरिँदै आएको झपट पुरस्कारको सीमा र क्षेत्रलाई विस्तार गर्दै नेपाली वाङ्मयका सबै विधाको अध्ययन, अनुसन्धान र प्रकाशनलाई उत्प्रेरित गर्दै पुरस्कार/सम्मान समर्पण गर्ने सदाशय व्यक्त गर्नुभएकाले सो विषयमा व्यापक विचार-विमर्श भई अब (१) संस्थाको नाम यज्ञविक्रम राणा वाङ्मय प्रतिष्ठान राख्ने र (२) हालको झपट पुरस्कार व्यवस्था समितिले नै उक्त प्रतिष्ठानको व्यवस्थापनलाई निरन्तरता प्रदान गर्ने निर्णय गरिएको थियो ।

स्थापनाकालदेखि झपट पुरस्कार प्रदान गरिँदै आएकोमा संस्थापक संरक्षक यज्ञविक्रम राणाले भाषा-साहित्यका साथै नेपाली कला र संस्कृतिका विविध पक्षमा योगदान दिँदै आएका प्रतिभाहरू र अध्येता-अनुसन्धाताहरूलाई पनि सम्मान-पुरस्कार अर्पण गर्दै जाने सदिच्छा व्यक्त गर्नुभएको थियो । उहाँको त्यही सद्भाव र सदाशयलाई साकार पार्न झपट पुरस्कार व्यवस्था समितिद्वारा २०६७ सालदेखि यज्ञविक्रम राणाकी स्वर्गीय आमा तोरणकुमारीका नामबाट 'तोरणकुमारी कला-संस्कृति पुरस्कार' स्थापना गरी कला, संस्कृतिमा योगदान दिँदै आएका साधकहरूलाई पुरस्कृत गर्न थालिएको थियो । उक्त पुरस्कारको राशि रु.२५००१/- (पच्चिस हजार एक) रहेको थियो । यसै वर्षदेखि झपट पुरस्कार राशिमा पनि वृद्धि गरी रु २५००१/- (पच्चिस हजार एक) नै पुऱ्याइएको थियो ।

### झपट पुरस्कारका संस्थापक यज्ञविक्रमको देहावसानपछि समितिको पुनर्गठन

आफ्ना पिता झपटबहादुर राणाका साहित्यिक कृतिहरूको सङ्कलन/ प्रकाशन र साहित्यिक योगदानको अध्ययन-अनुसन्धानका साथै नेपाली

भाषा-साहित्यको श्रीवृद्धिमा २०३७ सालदेखि समर्पित झपट पुरस्कार व्यवस्था समितिका संस्थापक/उपाध्यक्ष यज्ञविक्रम राणाको २०६८ साल साउन ५ गते असामयिक देहावसान भएपछि समिति अभिभावकविहीन जस्तै बन्न पुग्यो। यस स्थितिमा पनि उहाँले गरेको निःसर्त साहित्यसेवाको सङ्कल्पलाई अनुसरण गर्दै व्यवस्था समिति यथावत् सक्रिय रह्यो। यज्ञविक्रम राणाको निधनपछि झपट पुरस्कार व्यवस्था समितिलाई निरन्तरता प्रदान गरी स्वर्गीय पतिका सदच्छिालाई साकार पार्दै जाने सङ्कल्पसहित यज्ञविक्रमकी सहधर्मिणी श्रीमती केशरकुमारी राणालाई रिक्त संरक्षक/उपाध्यक्षको जिम्मेवारी वहन गर्न २०६९ साल भाद्र २२ गते बसेको झपट पुरस्कार व्यवस्था समितिको बैठकद्वारा अनुरोध गरियो भने यज्ञविक्रम र केशरकुमारीका सुपुत्र अरुण राणालाई समितिको सहसचिव पदमा रही संस्थालाई गतिशील तुल्याउन अनुरोध गरिएको थियो। समितिका उपर्युक्त प्रस्तावलाई हृदयङ्गम गरी उहाँहरू दुवै जनाले आफ्ना काँधमा आएको उत्तरदायित्वलाई स्वीकार गर्दै संस्थालाई सक्रियतापूर्वक अगि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। यहाँसम्म आइपुग्दा झपट पुरस्कार व्यवस्था समितिको स्वरूप निम्नानुसार परिवर्तन भएको थियो :

(१) राष्ट्रकवि माधवप्रसाद घिमिरे- अध्यक्ष
(२) श्रीमती केशरकुमारी राणा- संस्थापक/उपाध्यक्ष
(३) प्रा. डा. वासुदेव त्रिपाठी- सदस्य
(४) प्रा. ठाकुरप्रसाद पराजुली- सदस्य
(५) प्रा. डा. दयाराम श्रेष्ठ- सदस्य
(६) श्री रमा शर्मा- सदस्य
(७) सहप्रा. प्रयागराज भट्टराई 'वाशिष्ठ'- सदस्य सचिव
(८) श्री अरुण राणा- सहसचिव

झपट पुरस्कारका संस्थापक, संरक्षक/उपाध्यक्ष यज्ञविक्रम राणाको देहावसानपछि औपचारिक रूपमा समितिमा संलग्न नरहे पनि स्थापनाकालदेखि नै आफ्ना पति यज्ञविक्रमसँगै पुरस्कारको स्थापना र संरक्षणमा अप्रत्यक्ष रूपमा समर्पित हुँदै आएकी श्रीमती केशरकुमारी राणाले २०६९ सालदेखि

संरक्षक/उपाध्यक्षको जिम्मेवारी लिएर पतिको साहित्यसेवाप्रतिको आस्था र सद्भावलाई निरन्तरता प्रदान गर्नुभयो । उहाँले श्रद्धेय ससुरा झपट र पति यज्ञविक्रमको जीवनका सुख-दुःख, साहित्यसृजना र भाषा-साहित्यसेवाप्रतिको सद्भावलाई ज्यादै नजिकबाट अनुभव गर्दै आउनुभएको थियो । त्यसकै परिणामस्वरूप यज्ञविक्रमको निधनपछि उहाँले वहन गर्दै आएको जिम्मेवारी श्रीमती केशरकुमारी राणालाई सुम्पिएको र उहाँ संरक्षक/उपाध्यक्ष बन्न पुग्नुभएको थियो । आफ्नो जीवनका सान्ध्य प्रहरमा २०६९ सालदेखि सात वर्षसम्म उहाँ स्वर्गीय पतिका साहित्यसेवाका सदिच्छालाई साकार पार्न सक्रिय रहनुभयो र झपट पुरस्कारको प्रतिष्ठा र गौरवलाई कायम राख्नमा बाँचुन्जेल क्रियाशील रहनुभयो ।

२०७५ साल जेठ ६ गते केशरकुमारी राणाको पनि देहावसान भयो । संरक्षकको असामयिक देहावसानबाट समितिमा आइपरेको अप्रत्याशित वियोगको यो पीडालाई पनि नियतिको अनिवार्य खेलका रूपमा स्वीकार गर्दै यज्ञविक्रम र केशरकुमारीका साहित्यसेवाका सपना र सदिच्छालाई पूरा गर्न उहाँका एक मात्र सुपुत्र अरुण राणालाई अनुरोध गरियो । बाल्यकालदेखि नै आफ्नै घरभित्र बाबु-आमाको साहित्यिक सत्सङ्गत र सेवाभाव देख्दै र त्यसमै रमाउँदै आएका र २०६९ सालदेखि औपचारिक रूपमा पुरस्कार व्यवस्था समितिमा सहसचिवका रूपमा क्रियाशील अरुणलाई आमा केशरकुमारीको देहावसानपछि रिक्त हुन पुगेको संरक्षक/उपाध्यक्षको जिम्मेवारी सह्माल्न भनी राष्ट्रकवि माधवप्रसाद घिमिरेका अध्यक्षतामा २०७६ साल कार्तिक २४ मा बसेको व्यवस्था समितिको बैठकद्वारा गरिएको प्रस्तावलाई उहाँले हार्दिकतापूर्वक स्वीकार गर्नुभयो । अरुणको औपचारिक उपस्थितिसँगै अब झपट पुरस्कार व्यवस्थाको गहन जिम्मेवारीलाई यज्ञ-केशरपछिको दोस्रो पुस्ताले गौरवपूर्वक अङ्गीकार गरेका कारण पुरस्कार व्यवस्था समितिले पारिवारिक स्नेह, सामीप्य र उत्तरदायित्वको निरन्तरता पाइरह्यो । केशरकुमारीको निधनपछि गठित झपट पुरस्कार व्यवस्था समितिको स्वरूप निम्नानुसार परिवर्तन भएको थियो :

(१) राष्ट्रकवि माधवप्रसाद घिमिरे- अध्यक्ष

(२) श्री अरुण राणा- संस्थापक/उपाध्यक्ष

(३) प्रा. डा. वासुदेव त्रिपाठी- सदस्य

(४) प्रा. ठाकुरप्रसाद पराजुली- सदस्य

(५) प्रा. डा. दयाराम श्रेष्ठ- सदस्य

(६) श्री रमा शर्मा- सदस्य

(७) सहप्रा. प्रयागराज भट्टराई 'वाशिष्ठ'- सदस्य सचिव

**राष्ट्रकवि माधवप्रसाद घिमिरेको अध्यक्षतामा सम्पन्न पछिल्लो कार्यक्रम**

२०७६ साल कार्तिक २४ गते बसेको झपट पुरस्कार व्यवस्था समितिको बैठकबाट नै २०७५ सालको झपट पुरस्कार लामो समयदेखि नेपाली भाषा-साहित्य र संस्कृतिको विकास र विस्तारमा विशेष योगदान दिएबापत सुश्री भद्रकुमारी घलेलाई प्रदान गर्ने, तोरणकुमारी कला-संस्कृति सम्मान नेपाली गीत, सङ्गीत र गायनका क्षेत्रमा विशेष योगदान दिएबापत श्री कुमार बस्नेतलाई प्रदान गर्ने र लामो समयदेखि झपट पुरस्कार व्यवस्था समितिको सदस्य-सचिवका रूपमा संलग्न भई संस्थाको संवर्धनमा विशिष्ट योगदान दिएबापत श्री प्रयागराज भट्टराई 'वाशिष्ठ' लाई झपट पुरस्कार विशेष सम्मान प्रदान गर्ने निर्णय गरिएको थियो। पुरस्कारहरू समर्पण गर्ने कार्यक्रम प्रायः यज्ञ-केशर निवासमै सम्पन्न गरिँदै आएकोमा २०७५ सालको पुरस्कार समर्पण कार्यक्रम वार्धक्यजन्य शारीरिक शिथिलताका कारण समितिका अध्यक्ष राष्ट्रकवि माधवप्रसाद घिमिरे बानेश्वरसम्म आउन नसक्ने स्थिति सृजना भएपछि उहाँले अत्यन्त आत्मीयता र स्नेहपूर्वक काठमाडौँ, लैनचौरस्थित आफ्नै निवासमा पुरस्कार समर्पण समारोहको आयोजना गर्नुभएको थियो। सोही समारोहमा २०७५ सालका उपर्युक्त पुरस्कार र सम्मान समर्पण गरिएका थिए। यही नै झपट पुरस्कार व्यवस्था समितिका अध्यक्ष राष्ट्रकवि माधवप्रसाद घिमिरेका अध्यक्षतामा सम्पन्न सबभन्दा पछिल्लो समारोह बन्न पुग्यो। यो कार्यक्रमपछि कोभिड महामारीका कारण पुरस्कार/सम्मान समर्पण कार्यक्रम आयोजना हुन सकेनन् र २०७७ सालमा राष्ट्रकवि स्वयम् नै दिवङ्गत भएपछि झपट पुरस्कार व्यवस्था समितिमा शिथिलताको स्थिति सृजना हुँदै आयो।

**झपट पुरस्कार ⁄ विशेष सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू**

(१) श्री घटराज भट्टराई (साहित्यकार झपटबहादुर राणा), २०३८
(२) श्री ठाकुरप्रसाद पराजुली (सौन्दर्य, कथासङ्ग्रह), २०३९
(३) श्री मुकुन्द दाहाल (झपटबहादुर राणाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, स्नातकोत्तर शोधपत्र), २०४०
(४) डा. चूडामणि बन्धु (स्मृतिका केही पृष्ठहरू), २०४१
(५) श्री शरद्चन्द्र शर्मा (झपट निबन्धावली), २०४२
(६) डा.दयाराम श्रेष्ठ (झपटका दश कथाहरू), २०४३
(७) प्रा.डा.वासुदेव त्रिपाठी (साहित्यकार झपटको जीवनीको एक झलक), २०४४
(८) श्री गोपीकृष्ण शर्मा (सम्झनाका छालहरू), २०४५
(९) श्री रमा शर्मा (गहन चिन्तन), २०४६
(१०) श्री कृष्णप्रसाद पराजुली (भन्ज्याङका सुसेली), २०४७
(११) श्री राजेन्द्र सुवेदी (समवर्ती साहित्यकार र झपटबहादुर राणा), २०४८
(१२) श्री महादेव अवस्थी (झपट स्मृतिग्रन्थ), २०४९)
(१३) प्रा.डा.केशवप्रसाद उपाध्याय (नाट्यमातृका), २०५०)
(१४) प्रा.डा.ईश्वर बराल (मेरो समीक्षायात्रा), २०५१
(१५) श्री जनकलाल शर्मा (नेपाली साहित्यका प्रखर साधक झपटबहादुर राणा), २०५२
(१६) प्रा. बालकृष्ण पोखरेल (झपटका दश कथाको मूल्याङ्कन), २०५३
(१७) डा.गोविन्द टण्डन (पशुपतिक्षेत्रका मठमन्दिरको सञ्चालन र अवस्था), २०५४
(१८) श्री कृष्णचन्द्रसिंह प्रधान (प्रतिकूलताको सृष्टि म नै मेरो सर्जक), २०५५
(१९) श्री मनुजबाबु मिश्र (विकास कि विकृति !), २०५६
(२०) डा. ओमवीरसिंह बस्न्यात (सेवा सैनिक झपट महाकाव्य), २०५६
(२१) प्रा.डा.छविलाल गजुरेल (विज्ञान, प्रविधि र नेपाली भाषा), २०५७

(२२) प्रा.डा.सुरेशराज शर्मा (हामीलाई कस्तो शिक्षा चाहिएको छ!), २०५८

(२३) डा.स्वामी प्रपन्नाचार्य (सङ्क्षेपमा मेरो जीवनयात्रा), २०५९

(२४) श्री रामशरण दर्नाल (गीतकार झपटबहादुर राणा र नेपाली सङ्गीतको इतिहास), २०६०

(२५) श्री हेमराज ज्ञवाली (सञ्चार र भाषा), २०६१

(२६) श्री ऋषि पौडेल (नेपाली साहित्यको संवर्द्धन र विकासमा झपट पुरस्कार व्यवस्थापन समितिको योगदान, स्नातकोत्तर शोधपत्र), २०६२

(२७) स्व.घटराज भट्टराई (नेपाली साहित्यको समुन्नतिका निम्ति दीर्घसेवा गरी बहुमुखी विशिष्ट योगदान गरेबापत मरणोपरान्त झपट पुरस्कार), २०६३

(२८) श्री गेहेन्द्रमान अमात्य (मेरो कलायात्रा), २०६४

(२९) प्रा.खेमराज केशवशरण (अध्यात्म र मानवजीवन : प्रवचन), २०६५

(३०) प्रा.डा.मोहन हिमांशु थापा (सङ्क्षेपमा आफ्नोबारे), २०६६

(३१) प्रा.डा.तारानाथ शर्मा (आफ्नै साहित्यसाधना), २०६७

(३२) वरिष्ठ साहित्यकार श्री श्यामदास वैष्णव (आफ्नै साहित्ययात्रा), २०६८

(३३) वरिष्ठ साहित्यकार श्री पूर्णप्रकाश नेपाल 'यात्री' (आफ्नै साहित्ययात्रा), २०६९

(३४) संस्कृतिविद् सत्यमोहन जोशी (नेपाली भाषा साहित्य), २०७०

(३५) वरिष्ठ गीतकार श्री प्रेम विनोद नन्दन (नेपाली गीत रचना), २०७१

(३६) वरिष्ठ आख्यानकार श्री मदनमणि दीक्षित, २०७२

(३७) वरिष्ठ कथाकार श्रीमती भागीरथी श्रेष्ठ, २०७३

(३८) वरिष्ठ कवयित्री श्रीमती तोया गुरुङ, २०७४

(३९) वरिष्ठ साहित्यकार सुश्री भद्रकुमारी घले, २०७५

### झपटबहादुर तोरणकुमारी विशेष सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

(१) वरिष्ठ साहित्यकार कमलमणि दीक्षित, २०६६

(२) वरिष्ठ स्वास्थ्यकर्मी प्रा.डा.बुद्ध बस्न्यात, २०६७

(३) राष्ट्रकवि माधवप्रसाद घिमिरे, २०७०

(४) प्रा.डा.वासुदेव त्रिपाठी, २०७१

(५) प्रा.ठाकुरप्रसाद पराजुली, २०७२

(६) प्रा.डा.दयाराम श्रेष्ठ, २०७३

(७) श्री रमा शर्मा, २०७४

(८) सहप्रा.प्रयागराज भट्टराई 'वाशिष्ठ', २०७५

### तोरणकुमारी कला संस्कृति पुरस्कारद्वारा पुरस्कृत व्यक्तित्वहरू

(१) श्रीमती शशिकला तिवारी, २०६७

(२) वरिष्ठ कलाकार श्री हरिप्रसाद रिमाल, २०६८

(३) वरिष्ठ कलाकार श्रीमती ज्ञानु राणा (गायन), २०६९

(४) वरिष्ठ कलाकार श्री रागिनी उपाध्याय (चित्रकारिता), २०७०

(५) वरिष्ठ कलाकार श्रीमती मीरा राणा (गायन), २०७१

(६) वरिष्ठ कलाकार श्रीमती नारायणदेवी प्रधान (नृत्य तथा अभिनय), २०७२

(७) वरिष्ठ कलाकार श्री ठाकुरप्रसाद मैनाली (मूर्तिकला), २०७३

(८) वरिष्ठ नाट्यकर्मी तथा नाटककार श्री प्रचण्ड मल्ल, २०७४

(९) वरिष्ठ कलाकार श्रीकुमार बस्नेत (गायन), २०७५

### झपट पुरस्कार व्याख्यानअन्तर्गत प्रस्तुत गरिएका व्याख्यानहरू

माथि उल्लिखित विविध विषयका पुस्तकहरूको लेखन/सम्पादन गर्ने विद्वान् लेखकहरूले सम्बद्ध विषयमा झपट पुरस्कार व्यवस्था समितिद्वारा आयोजित कार्यक्रममा व्याख्यानहरू प्रस्तुत गर्ने विशिष्ट परम्परा रहेको थियो। तीबाहेक पछिल्ला चरणमा नेपाली भाषा, साहित्य, धर्म, दर्शन, कला, संस्कृति

र आत्मसिर्जना लगायतका विषयमा पनि व्याख्यानहरू प्रस्तुत गरिएका थिए। यसरी झपट पुरस्कार व्यवस्था समितिद्वारा आयोजित कार्यक्रमहरूमा पछिल्ला चरणमा प्रस्तुत गरिएका व्याख्यानहरूको शृङ्खला निम्नानुसार रहेको छ :

(१) प्रा.डा.केशवप्रसाद उपाध्याय, नाट्यमातृका, २०५०

(२) प्रा.डा.ईश्वर बराल, मेरो समीक्षायात्रा, २०५१

(३) श्री जनकलाल शर्मा, नेपाली साहित्यका प्रखर साधक झपटबहादुर राणा, २०५२

(४) प्रा.बालकृष्ण पोखरेल, झपटका दश कथाको मूल्याङ्कन, २०५३

(५) डा.गोविन्द टण्डन, पशुपतिक्षेत्रका मठ-मन्दिरको सञ्चालन र अवस्था, २०५४

(६) श्री कृष्णचन्द्रसिंह प्रधान, प्रतिकूलताको सृष्टि म नै मेरो सर्जक, २०५५

(७) श्री मनुजबाबु मिश्र, विकास कि विकृति !, २०५६

(८) डा.ओमवीरसिंह बस्न्यात, सेवा सैनिक झपट महाकाव्य (काव्यसृजना), २०५६

(९) प्रा.डा.छविलाल गजुरेल, विज्ञान, प्रविधि र नेपाली भाषा, २०५७

(१०) प्रा.डा.सुरेशराज शर्मा, हामीलाई कस्तो शिक्षा चाहिएको छ ?, २०५८

(११) डा.स्वामी प्रपन्नाचार्य, सङ्क्षेपमा मेरो जीवनयात्रा, २०५९

(१२) श्री रामशरण दर्नाल, गीतकार झपटबहादुर राणा र नेपाली सङ्गीतको इतिहास, २०६०

(१३) श्री हेमराज ज्ञवाली, सञ्चार र भाषा, २०६१

(१४) श्री गेहेन्द्रमान अमात्य, मेरो कलायात्रा, २०६४

(१५) प्रा.खेमराज केशवशरण, अध्यात्म र मानवजीवन (प्रवचन), २०६५

(१६) प्रा.डा.मोहन हिमांशु थापा, सङ्क्षेपमा आफ्नोबारे, २०६६

(१७) प्रा.डा.तारानाथ शर्मा, आफ्नै साहित्य साधना, २०६७

(१८) श्री श्यामदास वैष्णव, आफ्नै साहित्ययात्रा, २०६८

(१९) श्री पूर्णप्रकाश नेपाल 'यात्री', आफ्नै साहित्ययात्रा, २०६९

**झपट स्मृतिग्रन्थको सम्पादन र प्रकाशन**

झपट पुरस्कार व्यवस्था समितिको २०४७ साल पौष ९ गते बसेको बैठकबाट 'झपट स्मृतिग्रन्थ' प्रकाशन गर्ने योजना बनाई यस कार्यलाई सम्पन्न गर्नका निम्ति निम्नानुसारको सम्पादक मण्डल गठन गरिएको थियो :

श्री ठाकुरप्रसाद पराजुली

श्री गोपीकृष्ण शर्मा

श्री घटराज भट्टराई

श्री शरद्चन्द्र शर्मा

श्री महादेव अवस्थी

सोही बैठकमा नै उक्त स्मृतिग्रन्थ सम्पादनका लागि प्रा.डा.वासुदेव त्रिपाठीलाई सल्लाहकार राख्ने र श्री महादेव अवस्थीलाई कार्यकारी सम्पादकको जिम्मेवारी प्रदान गर्ने निर्णयसमेत गरिएको थियो। तदनुसार २०४९ सालमा झपट स्मृतिग्रन्थको सम्पादन र प्रकाशन कार्य सम्पन्न भएको थियो। यसरी स्मृतिग्रन्थ सम्पादनको गहन जिम्मेवारी पूरा गरेबापत कार्यकारी सम्पादक श्री महादेव अवस्थीलाई २०४९ सालको झपट पुरस्कार समर्पण गरिएको थियो।

उक्त झपट स्मृतिग्रन्थमा झपटबहादुर राणाका जीवनी, व्यक्तित्व र सिर्जनात्मक योगदानका विविध पक्षहरूका साथै उनले सैन्य सेवा, प्रशासनिक सेवा लगायतका विविध क्षेत्रमा दिएका योगदानका बारेमा प्रकाश पारिएका लेखहरू एवम् थुप्रै संस्मरणात्मक अभिलेखहरू पनि समावेश गरिएका छन् र यी सबै लेख-रचनाहरूबाट समष्टिमा झपटबहादुर राणाको जीवनकथा लिपिबद्ध हुन पुगेको छ।

## झपटबहादुर राणा र झपट पुरस्कारविषयक स्नातकोत्तर शोधकार्यहरू

(१) मुकुन्दराज दाहाल, *झपटबहादुर राणाको जीवनी, व्यक्तित्व र कृतित्व,* नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०४०

(२) ऋषि पौडेल, *नेपाली साहित्यको संवर्धन र विकासमा झपट पुरस्कार व्यवस्था समितिको योगदान,* त्रि.वि., २०४२

## यज्ञ पुस्तक सङ्ग्रहालय र त्यसबाट प्रकाशित कृतिहरू

यज्ञविक्रम राणाको पुस्तक सङ्ग्रह गर्नमा पनि त्यत्तिकै रुचि रहेको थियो। उहाँले आफ्नो सङ्ग्रहलाई यज्ञ पुस्तक सङ्ग्रहालय नाम दिनुभएको थियो । उहाँले यज्ञ पुस्तक सङ्ग्रहालयमार्फत पुस्तकहरूको प्रकाशन गर्ने योजना पनि बनाउनुभएको थियो। तदनुसार यज्ञ पुस्तक सङ्ग्रहालयबाट २०३९ सालदेखि नै झपटका सङ्कलित/सम्पादित कृतिहरूका साथै झपट स्मृतिग्रन्थ एवम् स्वयम् यज्ञविक्रमका रचनाको प्रकाशन पनि भएको पाइन्छ। यसरी यज्ञ पुस्तक सङ्ग्रहालय प्रकाशनमालाअन्तर्गत प्रकाशित कृतिहरूको सूची निम्नानुसार रहेको छ :

(१) घटराज भट्टराई (सम्पा.) *साहित्यकार झपटबहादुर राणा,* २०३८

(२) ठाकुर पराजुली (सम्पा.) *सौन्दर्य* (झपटको कथासङ्ग्रह पहिलो भाग), २०३९

(३) मुकुन्दराज दाहाल, *झपटबहादुर राणाको जीवनी, व्यक्तित्व र कृतित्व,* २०४०

(४) प्रा.चूडामणि बन्धु (सम्पा.)*स्मृतिका केही पृष्ठहरू* (झपटका कविताको पहिलो भाग),२०४१ (५) शरद्चन्द्र शर्मा (सम्पा.) *झपट निबन्धावली* (झपटका निबन्धको पहिलो भाग), २०४२

(६) डा.दयाराम श्रेष्ठ (सम्पा.) *झपटका दश कथाहरू,* २०४३

(७) प्रा.डा.वासुदेव त्रिपाठी, *साहित्यकार झपटबहादुर राणाको जीवनीको एक झलक,* २०४४ (८) गोपीकृष्ण शर्मा (सम्पा.) *सम्झनाका छालहरू* (झपटका कविताको दोस्रो भाग), २०४५

(९) श्री रमा शर्मा (सम्पा.) *गहन चिन्तन* (झपटका निबन्धको दोस्रो भाग), २०४६

(१०) कृष्णप्रसाद पराजुली (सम्पा.) *भन्ज्याङका सुसेली* (झपटका कविताको तेस्रो भाग), २०४७

(११) राजेन्द्र सुवेदी, *समवर्ती साहित्यकार झपटबहादुर राणा,* २०४८

(१२) महादेव अवस्थी (सम्पा.) *झपट स्मृतिग्रन्थ,* २०४९

(१३) प्रा.डा.केशवप्रसाद उपाध्याय, *नाट्यमातृका,* २०५०

(१४) प्रा.डा.ईश्वर बराल, *मेरो समीक्षायात्रा,* २०५१

(१५) जनकलाल शर्मा, *नेपाली साहित्यका प्रखर साधक झपटबहादुर राणा,* २०५२

(१६) प्रा.बालकृष्ण पोखरेल, *झपटका दश कथाको मूल्याङ्कन,* २०५३

(१७) डा.गोविन्द टण्डन, *पशुपति क्षेत्रका मठमन्दिरको सञ्चालन र अवस्था,* २०५४

(१८) कृष्णचन्द्रसिंह प्रधान, *प्रतिकूलताको सृष्टि म नै मेरो सर्जक,* २०५५

(१९) मनुजबाबु मिश्र, *विकास कि विकृति !,* २०५६

(२०) डा.ओमवीरसिंह बस्न्यात, *सेवा सैनिक झपट महाकाव्य,* २०५६

(२१) डा.छविलाल गजुरेल, *विज्ञानप्रविधि र नेपाली भाषा,* २०५७

(२२) प्रा.डा.सुरेशराज शर्मा, *हामीलाई कस्तो शिक्षा चाहिएको छ!,* २०५८

(२३) डा. स्वामी प्रपन्नाचार्य, *सङ्क्षेपमा मेरो जीवनयात्रा,* २०५९

(२४) रामशरण दर्नाल, *गीतकार झपटबहादुर राणा र नेपाली सङ्गीतको इतिहास,* २०६०

(२५) हेमराज ज्ञवाली, *सञ्चार र भाषा,* २०६१

(२६) गेहेन्द्रमान अमात्य, *मेरो कलायात्रा,* २०६४

(२७) प्रा.खेमराज केशवशरण, *अध्यात्म र मानवजीवन* : प्रवचन, २०६५

# सैनध्वज–नन्दकुमारी विद्वद्वृत्ति गुठी : सङ्क्षिप्त अभिलेख

### गुठीको स्थापना

समाजसेवी, साहित्यकार तथा शिक्षाप्रेमी यज्ञविक्रम राणाकै अग्रसरतामा झपट पुरस्कारको स्थापनाको दुई वर्षपछि २०३९ सालमा ‘सैनध्वज नन्दकुमारी विद्वद्वृत्ति गुठी’ को स्थापना भएको थियो । यज्ञविक्रमले आफ्ना पिता झपटबहादुर राणाका सृजनाहरू सङ्कलन, प्रकाशन र खोज-अनुसन्धान कार्यलाई मूर्त रूप दिने उद्देश्यले प्रथमतः बाबु झपट र पछि आमा तोरणकुमारीको नामसमेत जोडेर लेखक-साहित्यकारहरूलाई सम्मान-पुरस्कार अर्पण गर्ने पवित्र सङ्कल्पका साथ झपट पुरस्कारको स्थापना गर्नुभएको थियो । यस पुरस्कारको स्थापनापछि उहाँका मनमा आफ्ना सासू-ससुराका स्मृतिमा पनि विद्वद्वृत्ति स्थापना गर्ने सङ्कल्प पैदा भयो । यसका निम्ति उहाँकी धर्मपत्नी केशरकुमारीको पनि त्यत्तिकै साथ-सहयोग रहेको थियो । यसरी यज्ञविक्रम र केशरकुमारीले सैनध्वज नन्दकुमारी विद्वद्वृत्ति स्थापनाका निम्ति गरेको सङ्कल्पलाई सघाउनमा सैनध्वज नन्दकुमारीका अरू चार बहिनी छोरीहरू पनि उत्साहित हुनुभयो । उहाँहरूसँगै यो पुरस्कार स्थापनाका निम्ति प्रा. घटराज भट्टराईबाट प्राप्त प्रेरणा, प्रोत्साहन र परामर्श पनि त्यत्तिकै महत्त्वपूर्ण रहेको थियो । त्यसैले यज्ञविक्रम राणाका अग्रसरतामा सैन-नन्दका छोरीहरू मोहनकुमारी, दमनकुमारी, टेककुमारी, केशरकुमारी र एकराजकुमारी तथा

वयस्क भइसकेका नातिनीहरूसमेतको सक्रियता, समर्पण र योगदानबाट विद्वद्वृत्ति गुठीको स्थापना गर्ने योजनाअनुसार निम्नलिखित पदाधिकारी र सदस्यहरू रहेको १५ सदस्यीय सैनध्वज-नन्दकुमारी विद्वद्वृत्ति गुठीको गठन गरिएको थियो :

(१) प्रा. डा. वासुदेव त्रिपाठी- अध्यक्ष

(२) श्री यज्ञविक्रम राणा- उपाध्यक्ष

(३) प्रा. घटराज भट्टराई - सदस्य सचिव

(४) सुश्री राधिका कार्की- सदस्य

(५) श्री कमल दीक्षित- सदस्य

(६) श्री कृष्णचन्द्रसिंह प्रधान- सदस्य

(७) डा. वल्लभमणि दाहाल- सदस्य

(८) डा. चूडामणि बन्धु- सदस्य

(९) श्री ठाकुरप्रसाद पराजुली- सदस्य

(१०) श्री शरद्चन्द्र शर्मा- सदस्य

(११) श्री वसन्तकुमार शर्मा- सदस्य

(१२) श्री दानबहादुर कार्की- सदस्य

(१३) श्रीमती सीता रावल- सदस्य

(१४) श्रीमती भवानी अधिकारी- सदस्य

(१५) श्री तीर्थबहादुर बुढाथोकी- सदस्य

**गुठीको प्रथम साधारण सभा र कार्यसमितिको गठन**

सैनध्वज-नन्दकुमारी विद्वद्वृत्ति गुठीको उद्घाटन समारोह तथा प्रथम साधारण सभा २०३९ साल असार ३१ गतेका दिन सम्पन्न भएको थियो ।

प्रा.डा. वासुदेव त्रिपाठीका अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहमा तल उल्लिखित विशेष अतिथिहरूको समेत उपस्थिति रहेको थियो :

(१) माननीय शिक्षामन्त्री श्री नारायणदत्त भट्ट

(२) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति श्री माधवप्रसाद घिमिरे

(३) उपरथी श्री पुण्यरत्न शाह

(४) प्रधानाध्यापक श्री लक्ष्मीप्रसाद अधिकारी (श्री रत्नराज्यलक्ष्मी माध्यमिक विद्यालय, बानेश्वर)

विशिष्ट अतिथि श्री नारायणदत्त भट्टबाट विधिवत् उद्घाटन भई सुरु भएको उक्त सभामा 'सैनध्वज नन्दकुमारी विद्वद्वृत्ति गुठी' स्थापनाको योजना, उद्देश्य र महत्त्वबारे विस्तृत चर्चा भएको थियो। यही प्रथम साधारण सभाबाटै गुठीको परिचालनका निम्ति आवश्यक नियमावली तयार पार्ने, बानेश्वरस्थित श्री रत्नराज्यलक्ष्मी माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये एसएलसी परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याउने छात्रलाई सैनध्वज पुरस्कार तथा छात्रालाई नन्दकुमारी पुरस्कार प्रदान गर्ने र नेपाली भाषा-साहित्यमा अनुसन्धान गर्न इच्छुक अनुसन्धाताहरूबाट आवेदन आह्वान गरी तीमध्ये विशेषज्ञ समितिका सिफारिसमा एक जना शोधार्थीलाई बढीमा ३ वर्षसम्मका लागि नियमित रूपमा सैनध्वज-नन्दकुमारी विद्वद्वृत्ति प्रदान गर्ने योजनाबारे विस्तृत छलफल र निर्णय भएको थियो। उक्त साधारण सभाबाटै गुठीको नियमित कार्य सञ्चालन गर्ने व्यवस्थाका निम्ति निम्नबमोजिमको सात सदस्यीय कार्यसमिति रहने निर्णयसमेत गरिएको थियो :

(१) प्रा. डा. वासुदेव त्रिपाठी- अध्यक्ष

(२) श्री यज्ञविक्रम राणा- उपाध्यक्ष

(३) श्री घटराज भट्टराई- सदस्य सचिव

(४) सुश्री राधिका कार्की- कोषाध्यक्ष

(५) श्री ठाकुरप्रसाद पराजुली- सदस्य

(६) श्री शरद्‌चन्द्र शर्मा- सदस्य

(७) श्रीमती भवानी अधिकारी- सदस्य

## गुठीका पदाधिकारी तथा सदस्यहरूमा हेरफेर

२०३९ साल असार ३१ मा सैनध्वज नन्दकुमारी गुठीको कार्यसमितिको गठन भएपछि मूलतः त्यही कार्यसमिति नै कायम रहेको र कोभिडको महामारी आउनुभन्दा अगि अर्थात् २०७६ कार्तिकसम्म सोही समितिले काम गर्दै आएको थियो । यति हुँदा हुँदै पनि विविध कारणहरूले गर्दा विभिन्न समयमा गुठी र कार्यसमितिका केही पदाधिकारी र सदस्यहरूको हेरफेर भएको देखिन्छ। यसरी हेरफेर हुनेहरूको विवरण निम्नानुसार रहेको छ :

(१) कार्यसमितिका सदस्य श्रीमती भवानी अधिकारी बैठकमा नियमित रूपमा उपस्थित रहन असमर्थ भएकाले २०४३ वैशाख १३ गतेको बैठकबाट उहाँका ठाउँमा श्री अशोक कार्कीलाई राख्ने निर्णय भएको थियो ।

(२) गुठीका सदस्य दानबहादुर कार्कीको देहावसानपछि रिक्त हुन आएको सदस्य पदमा २०४५ साल असार ८ गते बसेको बैठकको निर्णयानुसार श्री उत्तमसिंह कार्कीलाई राख्ने निर्णय भएको थियो ।

(३) गुठीको २०५७ साल मार्ग ९ गते बसेको साधारण सभाबाट श्री उत्तमसिंह कार्की र श्री तीर्थबहादुर बुढाथोकीलाई संस्थापिकाहरूका प्रतिनिधि सदस्यका रूपमा कार्यसमितिमा राख्ने निर्णय भएको थियो ।

(४) सैनध्वज नन्दकुमारी विद्वद्‌वृत्ति गुठीको स्थापनाकालदेखि नै निरन्तर सक्रिय कार्यसमितिका सदस्य श्री शरद्‌चन्द्र शर्माको निधनपछि रिक्त सदस्य पदमा २०४९ मार्ग ९ गते बसेको गुठीको बैठकबाट श्री रमा शर्मालाई मनोनयन गर्ने निर्णय भएको थियो ।

(५) सैनध्वज नन्दकुमारी विद्वद्‌वृत्तिको स्थापनाका निम्ति यज्ञविक्रम

राणालाई प्रेरित र प्रोत्साहित गर्दै स्थापनाकालदेखि नै गुठीको सदस्य सचिवको जिम्मेवारी सह्माल्दै आएका प्रा. घटराज भट्टराईको देहावसान (२०६३ साउन २२) पछि रिक्त सदस्य सचिवको जिम्मेवारी मिति २०६३ साल कार्तिक १७ गतेदेखि स्थापनाकालदेखि नै गुठीको सदस्यका रूपमा कार्यरत प्रा. ठाकुरप्रसाद पराजुलीलाई सुम्पिएको थियो ।

(६) २०६४ कार्तिक १४ गते बसेको गुठीको बैठकबाट श्री प्रयागराज भट्टराई 'वाशिष्ठ' र श्री नीता बस्नेतलाई गुठीमा समावेश गरी दस सदस्यीय कार्यसमिति बनाइएको थियो ।

(७) सैनध्वज नन्दकुमारी विद्वद्वृत्ति गुठीका संस्थापक एवम् उपाध्यक्ष यज्ञविक्रम राणाको २०६८ साल साउन ५ गतेका दिन स्वर्गारोहण भएपछि सो रिक्तता पूरा गर्न गुठीको मिति २०६८ मार्ग ६ गतेको बैठकबाट उहाँकी धर्मपत्नी एवम् गुठीका संस्थापक श्रीमती केशरकुमारी राणालाई उपाध्यक्ष पदको जिम्मेवारी लिइदिन अनुरोध गरिएकोमा उहाँले उक्त अनुरोधलाई स्वीकार गर्नुभएको थियो ।

(८) गुठीका संस्थापक यज्ञविक्रम राणाको देहावसानपछि २०६८ सालदेखि उपाध्यक्षको जिम्मेवारी सह्माल्दै आएकी केशरकुमारी राणाको देहावसान (२०७५ जेठ ६) पछि उपाध्यक्षको पद पुनः रिक्त हुन पुगेकाले २०७६ कार्तिक २४ गतेका दिन बसेको बैठकबाट गुठीको स्थापनाकालदेखि नै कोषाध्यक्ष पदमा रही काम गर्दै आएकी राधिका कार्कीलाई मनोनयन गर्ने र गुठीका सदस्यहरू अशोक कार्की र उत्तमसिंह कार्कीको निधनपछि रिक्त हुन आएका दुई सदस्य पदमा सीता रावल र यज्ञ-केशरका सुपुत्र समाजसेवी अरुण राणालाई मनोनयन गर्ने निर्णय गरिएको थियो ।

यसरी कोभिड महामारीभन्दा पूर्व २०७६ कार्तिक २४ सम्मका उपर्युक्त निर्णयहरूबाट सैनध्वन-नन्दकुमारी विद्वद्वृत्ति गुठीको कार्यसमितिमा तल उल्लेख भएबमोजिमका पदाधिकारी र सदस्यहरू कायम रहनुभएको थियो :

(१) प्रा. डा. वासुदेव त्रिपाठी- अध्यक्ष

(२) श्री राधिका कार्की- उपाध्यक्ष

(३) श्री ठाकुरप्रसाद पराजुली- सदस्य सचिव

(४) श्री रमा शर्मा- सदस्य

(५) श्री प्रयागराज भट्टराई 'वाशिष्ठ'- सदस्य

(६) श्री नीता बस्नेत- सदस्य

(७) श्री सीता रावल- सदस्य

(८) श्री तीर्थबहादुर बुढाथोकी- सदस्य

(९) श्री अरुण राणा- सदस्य

**गुठीद्वारा स्थापित पुरस्कारहरू**

सैनध्वज नन्दकुमारी विद्वद्वृत्ति गुठीबाट बानेश्वरस्थित माध्यमिक विद्यालयमा गुणस्तरीय शिक्षालाई प्रोत्साहित र पुरस्कृत गर्दै जाने र त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाली भाषासाहित्यका इच्छुक/उत्कृष्ट अध्येता-अनुसन्धाताहरूलाई विद्वद्वृत्ति सम्मान प्रदान गर्ने उद्देश्यले शिक्षा पुरस्कार तथा विद्वद्वृत्तिको स्थापना गरिएको थियो । यसरी दानशील एवम् उदारमना संस्थापकहरूका सदिच्छा र योगदानका आधारमा परिचालन हुने गरी गुठीबाट २०३९ सालदेखि निम्नानुसारका पुरस्कार र विद्वद्वृत्ति प्रदान गर्न थालिएको थियो :

(१) सैनध्वज पुरस्कार

(२) नन्दकुमारी पुरस्कार

(३) सैनध्वज नन्दकुमारी विद्वद्वृत्ति

यी पुरस्कार र विद्वद्वृत्तिहरूमध्ये सैनध्वज तथा नन्दकुमारी पुरस्कार काठमाडौँ बानेश्वरमा सञ्चालित श्री रत्नराज्यलक्ष्मी माध्यमिक विद्यालयबाट सबभन्दा बढी अङ्क ल्याई एसएलसी उत्तीर्ण गर्ने एक एक छात्र र छात्रालाई प्रदान गर्ने उद्देश्यले स्थापना गरिएका थिए । यी दुई पुरस्कारको स्थापना र

सञ्चालनबाट स्थानीय स्तरमा विद्यालयीय शिक्षाको गुणात्मक प्रवर्धनमा महत्त्वपूर्ण योगदान पुग्दै आएको छ। यसरी २०३९ सालदेखि वितरण गर्न थालिएको उपर्युक्त पुरस्कार प्राप्त गर्ने श्री रत्नराज्यलक्ष्मी माध्यमिक विद्यालयका विद्यार्थीहरूको नामावली तल प्रस्तुत गरिएको छ :

**सैनध्वज पुरस्कारबाट पुरस्कृत छात्रहरू**

(१) हुमाकान्त तिवारी, २०३९

(२) बैकुण्ठनिधि शर्मा, २०४१

(३) उत्तम उप्रेती, २०४२

(४) उदयप्रसाद शर्मा, २०४३

(५) सञ्जयलाल श्रेष्ठ, २०४४

(६) प्रमोदकुमार आचार्य, २०४५

(७) बबीकुमार काफ्ले, २०४७

(८) प्रभु कार्की, २०४८

(९) पोषेन्द्र सत्याल 'प्रभात', २०४९

(१०) सुदीपराज पाण्डे, २०५०

(११) भीष्मराज सेढाई र लीलाराज थापा, २०५१

(१२) रबिन भट्टराई, २०५२

(१३) दशरथ काफ्ले, २०५३

(१४) दिनेश ढकाल, २०५४

(१५) गोकुल नेपाल, २०५५

(१६) सुरेश पौडेल, २०५६

(१७) नवराज भुजेल, २०५७

(१८) ठाकुरप्रसाद मौर्य, २०५८

(१९) ध्रुव अधिकारी, २०५९

(२०) रबिनकुमार घिमिरे, २०६०

(२१) मुकेश झा, २०६१

(२२) महेश दाहाल, २०६२

(२३) अभिनाश पाण्डे, २०६३

(२४) तुपेश थुलुङ राई, २०६५

(२५) सुमिनकुमार घिमिरे, २०६६

(२६) सौरभ भट्टराई, २०६७

(२७) क्षितिज सिंह, २०६८

(२८) सुजन नेपाली, २०६९

(२९) पद्मराज जोशी, २०७०

(३०) एमन कार्की, २०७१

(३१) रवीन्द्रकुमार यादव, २०७२

(३२) सुशील पाण्डे र रोजन तिमिल्सिना, २०७३

(३३) आकाश यादव, २०७४

(३४) परीक्षित भुसाल, २०७५

**नन्दकुमारी पुरस्कारद्वारा पुरस्कृत छात्राहरू**

(१) शर्मिला घिमिरे, २०३९

(२) उषा के.सी., २०४१

(३) लक्ष्मी जी.सी., २०४२

(४) प्रमिला उप्रेती, २०४३

(५) सुम्निमा बज्राचार्य, २०४४

(६) दीपालक्ष्मी श्रेष्ठ, २०४५

(७) लीना श्रेष्ठ, २०४७

(८) रीता खड्का, २०४८

(९) सुमन (राधा) ओभ्ना, २०४९
(१०) कविता आचार्य, २०५०
(११) सविता आचार्य, २०५१
(१२) लक्ष्मी अधिकारी, २०५२
(१३) सरलता आचार्य, २०५३
(१४) जया सत्याल, २०५४
(१५) विनीता खड्का, २०५५
(१६) सङ्गीता पौडेल, २०५६
(१७) दुर्गा लामिछाने, २०५७
(१८) अनुपा अधिकारी र उमा पौडेल, २०५८
(१९) सुशीला श्रेष्ठ, २०५९
(२०) लुना अधिकारी, २०६०
(२१) अनु गुरुङ, २०६१
(२२) जानुका ज्ञवाली, २०६२
(२३) दीक्षा कार्की, २०६३
(२४) सुस्मिता दाहाल, २०६५
(२५) सुमित्रा भण्डारी, २०६६
(२६) एलिना श्रेष्ठ, २०६७
(२७) दीपिका भण्डारी, २०६८
(२८) सुचिता तण्डुकार, २०६९
(२९) विमला अर्याल, २०७०
(३०) पवित्रा कटुवाल, २०७१
(३१) पुष्पाञ्जली के.सी., २०७२
(३२) जुनु रेग्मी, २०७३
(३३) विनीता श्रेष्ठ, २०७४
(३४) दीक्षा वि.क., २०७५

## सैनध्वज–नन्दकुमारी विद्वद्वृत्ति/पुरस्कार

सैनध्वज नन्दकुमारी विद्वद्वृत्ति गुठीले विद्यालयस्तरीय शिक्षाका साथै उच्च शिक्षाको संवर्धनमा समेत योगदान दिँदै आएको छ। खास गरी त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाली भाषा-साहित्यको अध्ययन-अनुसन्धान कार्यलाई प्रेरणा र प्रोत्साहन दिने उद्देश्यले गुठी स्थापनाका प्रारम्भिक चरणदेखि नै नेपाली भाषा-साहित्यका इच्छुक अध्येताहरूबाट आवेदन आह्वान गरी शैक्षिक योग्यता, कार्य अनुभव, लेखन र अनुसन्धान एवम् अनुसन्धान प्रस्तावसमेतका आधारहरूबाट मूल्याङ्कन गरी बढीमा ३ वर्षका लागि एक जनालाई सैनध्वज-नन्दकुमारी विद्वद्वृत्ति प्रदान गर्ने व्यवस्था गरिएको थियो। तर २०४२ साल जेठ २६ मा बसेको गुठीको बैठकबाट विद्वद्वृत्तिसम्बन्धी उपर्युक्त व्यवस्थामा संशोधन गरी त्रिभुवन विश्वविद्यालयबाट नेपाली भाषा-साहित्यमा विद्यावारिधि अनुसन्धान पूरा गरी उपाधि प्राप्त गरिसकेका अनुसन्धाताहरूमध्येबाट प्रतिवर्ष १ जनालाई सैनध्वज नन्दकुमारी विद्वद्वृत्ति/पुरस्कारबाट सम्मानित गर्ने निर्णय गरिएको थियो।

## विद्वद्वृत्ति/पुरस्कार सिफारिस गर्नका लागि गठित विशेषज्ञ समितिहरू

स्थापनाकालका प्रारम्भमा विद्वद्वृत्ति प्राप्त गर्ने र २०४३ सालपछि विद्वद्वृत्ति/पुरस्कारका निम्ति अध्येता-अनुसन्धाताको छनोट गर्नका लागि न्यूनतम तीन सदस्यीय विशेषज्ञ समिति गठन गर्ने र सोही समितिको सिफारिसमा विद्वद्वृत्ति/पुरस्कार प्रदान गर्ने परम्परा गुठीले प्रारम्भ गरेको थियो। यसरी २०४० सालदेखि प्रत्येक वर्ष गठन गरिएका विषय-विशेषज्ञहरूको सूची निम्नानुसार रहेको देखिन्छ :

### २०४० जेठ ७ मा गठित समिति

(१) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति श्री माधवप्रसाद घिमिरे : संयोजक

(२) भाषा-साहित्यका अन्वेषक श्री कमल दीक्षित : सदस्य

(३) नेपाली भाषा-साहित्यका विद्वान् प्रा. बालकृष्ण पोखरेल : सदस्य

**२०४३ जेठ २६ मा गठित समिति**

(१) प्रा. यदुनाथ खनाल/प्रा. चूडानाथ भट्टराय :संयोजक

(२) प्रा.डा. चूडामणि बन्धु :सदस्य

(३) प्रा.डा. वल्लभमणि दाहाल : सदस्य

**२०४७ जेठ ११ मा गठित समिति**

(१) प्रा.डा. चूडामणि बन्धु : संयोजक

(२) श्री कमल दीक्षित : सदस्य

(३) प्रा. चूडानाथ भट्टराय : सदस्य

(४) प्रा.डा.वल्लभमणि दाहाल : सदस्य

(५) श्री घटराज भट्टराई : सदस्य

**२०४८ वैशाख १३ मा गठित समिति**

(१) प्रा.डा. चूडामणि बन्धु : संयोजक

(२) श्री कृष्णचन्द्रसिंह प्रधान : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०४९ वैशाख १९ मा गठित समिति**

(१) कविवर माधवप्रसाद घिमिरे : संयोजक

(२) प्रा. शिवगोपाल रिसाल : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०५० जेठ १२ मा गठित समिति**

(१) श्री केशवराज पिँडाली : संयोजक

(२) प्रा.डा. केशवप्रसाद उपाध्याय : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०५१ वैशाख २४ मा गठित समिति**

(१) श्री जनकलाल शर्मा : संयोजक

(२) प्रा. ठाकुरप्रसाद पराजुली : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०५१ असोज ५ मा गठित समिति**

(१) डा. ध्रुवचन्द्र गौतम : संयोजक

(२) प्रा. ठाकुरप्रसाद पराजुली : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०५२ असोज ११ मा गठित समिति**

(१) प्रा.डा. चूडामणि बन्धु : संयोजक

(२) डा. ध्रुवचन्द्र गौतम : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०५३ भाद्र २२ मा गठित समिति**

(१) प्रा.ठाकुरप्रसाद पराजुली : संयोजक

(२) डा. तुलसीबहादुर छेत्री/डा. दयाराम श्रेष्ठ : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०५४ भाद्र ६ मा गठित समिति**

(१) प्रा.डा. चूडामणि बन्धु : संयोजक

(२) प्रा. ठाकुरप्रसाद पराजुली : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०५५ भाद्र १८ मा गठित समिति**

(१) प्रा.ठाकुरप्रसाद पराजुली : संयोजक

(२) प्रा.डा. केशवप्रसाद उपाध्याय : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०५६ असोज २ मा गठित समिति**

(१) प्रा.डा. चूडामणि बन्धु : संयोजक

(२) डा. तुलसीप्रसाद भट्टराई : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०५७ असोज १५ मा गठित समिति**

(१) प्रा.डा. चूडामणि बन्धु : संयोजक

(२) प्रा.डा. दयाराम श्रेष्ठ : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०५८ असोज ९ मा गठित समिति**

(१) प्रा.डा. चूडामणि बन्धु : संयोजक

(२) डा. तुलसीप्रसाद भट्टराई : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०५९ भाद्र २९ मा गठित समिति**

(१) प्रा.ठाकुरप्रसाद पराजुली : संयोजक

(२) प्रा.डा. केशवप्रसाद उपाध्याय : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०६० भाद्र २३ मा गठित समिति**

(१) प्रा.डा. चूडामणि बन्धु : संयोजक

(२) प्रा. ठाकुरप्रसाद पराजुली : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०६१ असोज १० मा गठित समिति**

(१) प्रा.डा. केशवप्रसाद उपाध्याय : संयोजक

(२) प्रा. ठाकुरप्रसाद पराजुली : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०६२ भाद्र २६ मा गठित समिति**

(१) प्रा.डा. केशवप्रसाद उपाध्याय : संयोजक

(२) प्रा. ठाकुरप्रसाद पराजुली : सदस्य

(३) श्री घटराज भट्टराई : सदस्य

**२०६३ कार्तिक १७ मा गठित समिति**

(१) प्रा.डा. चूडामणि बन्धु : संयोजक

(२) प्रा. ठाकुरप्रसाद पराजुली : सदस्य

(३) डा. महादेव अवस्थी : सदस्य

**२०६४ कार्तिक १४ मा गठित समिति**

(१) प्रा.डा. दयाराम श्रेष्ठ : संयोजक

(२) प्रा. ठाकुरप्रसाद पराजुली : सदस्य

(३) डा. महादेव अवस्थी : सदस्य

**२०६५ मार्ग ४ मा गठित समिति**

(१) प्रा.ठाकुरप्रसाद पराजुली : संयोजक

(२) प्रा.डा. दयाराम श्रेष्ठ : सदस्य

(३) प्रा.डा. चूडामणि बन्धु : सदस्य

**२०६६ कार्तिक २२ मा गठित समिति**

(१) प्रा.ठाकुरप्रसाद पराजुली : संयोजक

(२) प्रा.डा. दयाराम श्रेष्ठ : सदस्य

(३) प्रा.राजेन्द्र सुवेदी : सदस्य

**२०६९ भाद्र २२ मा गठित समिति**

(१) प्रा.डा. वासुदेव त्रिपाठी : संयोजक

(२) प्रा.डा. दयाराम श्रेष्ठ : सदस्य

(३) प्रा. राजेन्द्र सुवेदी : सदस्य

(४) प्रा.डा. देवीप्रसाद गौतम : सदस्य

**२०७० मार्ग २८ मा गठित समिति**

(१) प्रा.डा. दयाराम श्रेष्ठ : संयोजक

(२) प्रा. ठाकुरप्रसाद पराजुली : सदस्य

(३) प्रा. राजेन्द्र सुवेदी : सदस्य

यसरी विशेषज्ञहरूको समिति गठन गरी उपयुक्त व्यक्तित्वको चयन गर्ने परम्परा रहेकोमा कुनै कुनै वर्ष परिस्थितिवश समिति निर्माण हुन नसकेका अवस्थामा गुठीको कार्यसमितिको बैठकमा नै विशेषज्ञहरूलाई आमन्त्रित गरी सो वर्षका निम्ति उत्कृष्ट अनुसन्धाताको चयन गरी पुरस्कार समर्पण गर्ने परम्परा रहेको थियो ।

**सैनध्वज–नन्दकुमारी विद्वद्वृत्ति/पुरस्कारबाट सम्मानित अनुसन्धाताहरू**

(१) सहप्रा. दैवज्ञराज न्यौपाने, विद्वद्वृत्ति २०३९, २०४०, २०४२

(२) घनश्याम कँडेल, विद्वद्वृत्ति २०४२, २०४३, २०४४

(३) प्रा.डा.केशवप्रसाद उपाध्याय (बालकृष्ण समको दुःखान्त नाट्यचेतना), २०४५

(४) प्रा.डा.दयाराम श्रेष्ठ (नेपाली कथामा यथार्थवाद), २०४६

(५) प्रा.डा.कुमारबहादुर जोशी (लक्ष्मीप्रसाद देवकोटाको काव्ययात्राको विश्लेषण र मूल्याङ्कन), २०४७

(६) प्रा.डा.वानीरा गिरी (गोपालप्रसाद रिमालका कवितामा स्वच्छन्दतावाद), २०४८

(७) प्रा.डा.तुलसीबहादुर छेत्री (नेपाली कवितामा दार्जिलिङको योगदान), २०४९

(८) डा.लक्खीदेवी सुन्दास (नेपाली कविताको विकासमा दार्जिलिङको योगदान), २०५०

(९) डा.घनश्याम नेपाल (महाकवि देवकोटाका निबन्धको शैली वैज्ञानिक अध्ययन), २०५१

(१०) डा. हेमाङ्गराज अधिकारी (नेपाली भाषाको कारक व्यवस्था), २०५२

(११) डा.भीमकान्त उपाध्याय (नेपाली साहित्यको विश्लेषणात्मक मूल्याङ्कन), २०५३

(१२) प्रा.डा.गणेशप्रसाद खराल (नेपाली र थारू भाषाको तुलनात्मक अध्ययन), २०५४

(१३) डा.गोपाल भण्डारी (भवानी भिक्षुको कथाकारिता), २०५५

(१४) डा.नरेन्द्र चापागाई (नेपाली अनुकरणात्मक शब्दको अध्ययन), २०५६

(१५) डा.हरिप्रसाद पराजुली (विश्वेश्वरप्रसाद कोइरालाको कथाकारिता), २०५७

(१६) डा.महादेव अवस्थी (महाकवि देवकोटाको खण्डकाव्यकारिता), २०५८

(१७) डा.गार्गी शर्मा (नेपाली स्वच्छन्दतावादी कविताको अध्ययन), २०५९

(१८) डा.मोहन पी.दाहाल (दार्जिलिङका नेपाली उपन्यास : परम्परा र प्रवृत्ति), २०६०

(१९) डा.मोतीलाल पराजुली (नेपाली लोककथामा अभिप्राय), २०६१

(२०) डा.ज्ञानू पाण्डे (विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद), २०६२

(२१) प्रा.डा.देवीप्रसाद गौतम (नेपालीमा पदावली व्यवस्था), २०६३

(२२) डा.प्रतापचन्द्र प्रधान (आधुनिक नेपाली उपन्यासको विकासमा भ्रमर उपन्यासको योगदान), २०६४

(२३) डा.शैलेन्दुप्रकाश नेपाल (माधव घिमिरेका खण्डकाव्यहरूको ध्वनितात्त्विक अध्ययन), २०६५

(२४) डा.देवीप्रसाद सुवेदी (समको सुखान्त नाट्यकारिता), २०६६

(२५) डा.जीवेन्द्रदेव जिरी (सिम्ताली भाषिकाको भाषावैज्ञानिक अध्ययन), २०६७

(२६) डा.वेदव्यास उपाध्याय (नेपाली नियात्रा साहित्यको अध्ययन), २०६८

(२७) प्रा.डा.सुधा त्रिपाठी (नेपाली नारीवादी उपन्यासको अध्ययन), २०६९

(२८) प्रा.डा.विष्णुप्रसाद पौडेल (आधुनिक नेपाली उपन्यासमा यथार्थवाद), २०७०

(२९) डा.लेखप्रसाद निरौला (माधवप्रसाद घिमिरेका खण्डकाव्यमा अलङ्कारविधान), २०७१

(३०) डा.बमबहादुर थापा जिताली (लेखनाथका कवितामा नैतिक पक्ष), २०७२

(३१) प्रा.डा.ताराकान्त पाण्डेय (प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यथार्थ), २०७३

(३२)प्रा.डा.कपिल लामिछाने (पश्चिमाञ्चल क्षेत्रका नेपाली लोककथाको विश्लेषणात्मक अध्ययन),२०७४

(३३) प्रा.डा.कुमारप्रसाद कोइराला (समका दुःखान्त नाटकमा द्वन्द्वविधान), २०७५

# यज्ञविक्रम राणा शिक्षा सम्मान : सङ्क्षिप्त अभिलेख

### यज्ञविक्रम राणा शिक्षा सम्मानको स्थापना

सहायक रथी साहित्यकार श्री यज्ञविक्रम राणा (१९८०-२०६७) को तेस्रो स्मृति दिवसका अवसरमा २०७१ चैत्र १५ गते उहाँकी जीवनसँगिनी श्रीमती केशरकुमारी राणाका अग्रसरतामा यज्ञविक्रम शिक्षा सम्मानको स्थापना भएको थियो । स्वर्गीय राणाको विद्याप्रेम, भाषा-साहित्यप्रेम, धर्म-संस्कृतिप्रतिको आस्था र निष्ठालाई सदैव स्मरणीय तुल्याइराख्न यज्ञविक्रम राणा शिक्षा सम्मान कोष २०७१ गठन गरिएको थियो । स्वर्गीय राणाको घर-परिवारको बसोबास हुँदै आएको ठाउँ काठमाडौँ, बानेश्वरमा सञ्चालित श्री रत्नराज्यलक्ष्मी उच्च माध्यमिक विद्यालयबाट उच्च माध्यमिक तहमा सर्वाधिक अङ्क ल्याई उत्तीर्ण हुने छात्र वा छात्रालाई र त्यहीँबाटै सर्वाधिक अङ्क ल्याई उच्च मा.वि. तहमा उत्तीर्ण हुने छात्रालाई यज्ञविक्रम शिक्षा सम्मान समर्पण गर्ने उद्देश्यले स्वर्गीय यज्ञविक्रम राणाकी धर्मपत्नी श्रीमती केशरकुमारी राणाका अध्यक्षतामा गठित यज्ञविक्रम राणा शिक्षा सम्मान व्यवस्थापन समितिमा निम्नबमोजिमका व्यक्तिहरू रहनुभएको थियो :

(१) श्रीमती केशरकुमारी राणा- अध्यक्ष

(२) श्री अरुण राणा- सदस्य

(३) श्रीमती रेखा राणा- सदस्य

(४) श्रीमती नीता बस्नेत- सदस्य

(५) श्री बालकृष्ण- सदस्य

(६) श्री प्रयागराज भट्टराई 'वाशिष्ठ'- सदस्य

उपर्युक्त 'यज्ञविक्रम राणा शिक्षा सम्मान' व्यवस्थापन समितिको तेस्रो बैठक २०७२ साल फागुन २८ गतेदेखिका बैठकहरूमा राष्ट्रकवि माधवप्रसाद घिमिरे, नेपाली साहित्यका महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी, समालोचक प्रा.ठाकुरप्रसाद पराजुली, समालोचक प्रा.डा.दयाराम श्रेष्ठ तथा भाषा-साहित्यसेवी श्री रमा शर्माको समेत उपस्थिति रहेको थियो । उक्त व्यवस्थापन समितिले २०७१ सालदेखि नै यज्ञविक्रम राणा शिक्षा सम्मान प्रदान गर्न थालेको थियो । यसरी २०७१ सालदेखि उक्त शिक्षा सम्मान प्राप्त गर्ने विद्यार्थीहरूको नामावली यसप्रकार रहेको छ :

**यज्ञविक्रम राणा शिक्षा–सम्मानद्वारा सम्मानित उ.मा.वि.का छात्रछात्राहरू**

(१) श्री दीपेन्द्र राई, २०७१

(२) श्री दिलबहादुर कार्की, २०७१

(३) श्री सिर्जना कार्की, २०७१

(४) श्री रामशरण बस्नेत (मानविकी), २०७२

(५) सुश्री सरिता लामा (मानविकी), २०७२

(६) श्री प्रदीप सापकोटा (व्यवस्थापन), २०७३

(७) सुश्री मालती भट्ट (व्यवस्थापन), २०७३

(८) श्री दशरथ उपाध्याय (व्यवस्थापन), २०७४

(९) सुश्री पूजा पौडेल (व्यवस्थापन), २०७४

(१०) श्री शर्मिला तामाङ (शिक्षा), २०७४

(११) श्री गोमा थापा मगर (व्यवस्थापन), २०७५

(१२) श्री सुवास हुजेदार (व्यवस्थापन), २०७५

(१३) श्री रमण चौलागाई (मानविकी), २०७५

(१४) श्री कविता बुढा (शिक्षा), २०७५

# पुरस्कार व्यवस्थापन र वितरणमा व्यवधान र शिथिलता

२०३९ सालदेखि स्वर्गीय यज्ञविक्रम राणा र उहाँकी धर्मपत्नी केशरकुमारी राणाको नेपाली भाषा-साहित्य, कला-संस्कृति र शिक्षासेवाप्रतिको सद्भाव र निष्ठाका कारण झपट पुरस्कार, सैनध्वज-नन्दकुमारी विद्वद्वृत्ति/पुरस्कार, तोरणकुमारी कला-संस्कृति पुरस्कार, यज्ञविक्रम शिक्षा-सम्मानलगायतका सम्मान/पुरस्कारहरूको स्थापना र सञ्चालन नियमित रूपमा हुँदै आएका थिए। यसैबिच उपर्युक्त पुरस्कार स्थापनाका निम्ति प्रेरक व्यक्तित्व प्रा.घटराज भट्टराई, पुरस्कार संस्थापक दानशील व्यक्तित्व यज्ञविक्रम राणाको देहावसानपछि त्यसको प्रत्यक्ष अप्रत्यक्ष असर पुरस्कार गुठी र व्यवस्थापनमा पर्नु स्वाभाविकै थियो । यस स्थितिमा पनि यज्ञविक्रमकी सहधर्मिणी केशरकुमारी राणा जीवनमा आइपरेको पतिवियोगको विपत्तिबाट कत्ति पनि विचलित नभई पुरस्कारको व्यवस्थापन र सञ्चालनमा बाँचुन्जेल उत्साहपूर्वक सक्रिय रहनुभयो । उहाँकै सक्रियता र दानशीलताकै परिणामस्वरूप तोरणकुमारी कला-संस्कृति पुरस्कारका साथै यज्ञविक्रम राणा शिक्षा सम्मानको स्थापना र सञ्चालन पनि प्रारम्भ भएको थियो। यसैबिच २०७५ जेठ ६ गते उपर्युक्त सबै पुरस्कारका संरक्षक/उपाध्यक्ष केशरकुमारी राणाको देहावसानबाट यज्ञविक्रम र केशरकुमारीका परिवारमा अभिभावकत्व र व्यावहारिक मार्गनिर्देशकको अभाव खट्किँदै जानु स्वाभाविकै थियो। पुरस्कार संस्थापक/संरक्षक बाबु-आमा दुवैको निधन भएपछि स्वभावतः त्यसको गहन उत्तरदायित्व उहाँहरूका छोरा-बुहारी श्री अरुण राणा र श्रीमती रेखा राणाका काँधमा आइपर्नु स्वाभाविकै

थियो। फलस्वरूप अरुण र रेखाले त्यो पैतृक एवम् सामाजिक दायित्व वहन गरेको लगत्तै संसारभरि आगो झैँ फैलिएको कोभिड महामारीको प्रभाव हाम्रै देशमा पनि आइपुगेको यथार्थसँग हामी परिचित नै छौँ। कोभिडपछि लामो समयसम्म समाजमा सामूहिक भेटघाट, सभा-सम्मेलन, जमघट, मिटिङ्ग-बैठक जस्ता गतिविधिहरू स्वतः प्रतिबन्धिततुल्य हुन पुगे। उता स्थापनाकालदेखि नै झपट पुरस्कारसँग आबद्ध एवम् २०४९ सालदेखि निरन्तर पुरस्कार व्यवस्थापन समितिका अध्यक्षका रूपमा संलग्न रही संस्थाको संवर्धनमा अविस्मरणीय योगदान दिँदै आएका राष्ट्रकवि माधवप्रसाद घिमिरेको पनि २०७७ सालमा देहावसान भएका कारण समिति अध्यक्षविहीन मात्र होइन अभिभावकविहीन जस्तै बन्न पुग्यो। यस स्थितिमा पुरस्कार व्यवस्थापन र वितरणका कार्यक्रमले निरन्तरता पाउन सकेनन्।

झपट पुरस्कार व्यवस्था समितिका अध्यक्ष माधवप्रसाद घिमिरेको देहावसानपछि स्वभावतः अध्यक्षको जिम्मेवारी संरक्षक एवम् पुरस्कार व्यवस्था समितिका उपाध्यक्ष अरुण राणाले नै वहन गर्नुपर्‍यो। झपट पुरस्कारको संरक्षण र व्यवस्थापनको मात्र होइन यज्ञविक्रम र केशरकुमारीले स्थापना गरेका सैनध्वज-नन्दकुमारी विद्वद्वृत्ति/पुरस्कार, तोरणकुमारी कला-संस्कृति पुरस्कारलगायतका सबै पुरस्कारहरूको संरक्षण र व्यवस्थापनको जिम्मेवारी पनि अरुण र रेखाकै काँधमा आइपर्‍यो। बिस्तारै कोभिड महामारीको भय कम हुँदै गएपछि पुरस्कार व्यवस्थापन र वितरणका कार्यक्रमलाई अगि बढाउनका लागि व्यवस्था समितिका अध्यक्ष श्री अरुण राणा र सदस्य श्रीमती रेखा राणाका तर्फबाट समितिमा रहेका पदाधिकारी र सदस्यहरूसँग भेटघाट, परामर्श र सरसल्लाह लिई समितिलाई पूर्ववत् क्रियाशील तुल्याउनका निम्ति अनेक प्रयासहरू गरिए तापनि तिनले मूर्त रूप भने पाउन सकेनन्। उता अरुण र रेखाका अगाडि जीवनभर भाषा-साहित्य र समाजसेवामा समर्पित बाबु-आमाका सदिच्छालाई उहाँहरूको शेषपछि पनि निरन्तरता प्रदान गर्दै जानुपर्ने पैतृक दायित्वबोध र आत्मिक दबाब त्यत्तिकै प्रबल थियो। यसै पृष्ठभूमिमा अरुण र रेखाका अगाडि झपट पुरस्कार व्यवस्थापन समितिको पुनर्गठन गर्नुपर्ने बाध्यात्मक परिस्थिति सृजना भएको देखिन्छ।

# झपट पुरस्कार व्यवस्था समितिको पुनर्गठन, २०८०

उपर्युक्त परिस्थितिका चापमा यज्ञविक्रम राणा र केशरकुमारीले स्थापना गरेका पुरस्कारका शुभेच्छुक साहित्यकार, कलाकार एवम् बौद्धिक समाज र परिवारजनसमेतबाट अरुण र रेखालाई नै पुरस्कार व्यवस्थापन र सञ्चालनको जिम्मेवारी लिई पुरस्कारहरूलाई निरन्तरता प्रदान गर्न आग्रह र अनुरोध भएबमोजिम अरुण राणाले पुरस्कार व्यवस्था समितिको अध्यक्षको जिम्मेवारी ग्रहण गरी कीर्तिशेष बाबु-आमाका सदिच्छालाई निरन्तरता र जीवन्तता प्रदान गर्ने निर्णय लिनुपऱ्यो। यस पृष्ठभूमिमा त्रिमूर्ति निकेतनका एवम् नइ एकेडेमीका अध्यक्ष इन्दिरा प्रसाई र सदस्य सचिव नरेन्द्रराज प्रसाईलाई सल्लाहकारमा मनोनीत गरी निम्नबमोजिमको पुरस्कार व्यवस्था समिति गठन गरिएको थियो :

(१) श्री अरुण राणा- अध्यक्ष

(२) श्रीमती रेखा राणा- सदस्य

(३) श्री शशिविक्रम राणा- सदस्य

(४) श्री अशोक कार्की- सदस्य

(५) श्रीमती ललिता दोषी- सदस्य

(६) श्रीमती भगवती बस्नेत- सदस्य

(७) श्री सीताराम प्रसाई- सदस्य

**आमन्त्रित** :(१) श्रीमती इन्दिरा प्रसाई- सल्लाहकार

(२) श्री नरेन्द्रराज प्रसाई- सल्लाहकार

यसरी संरक्षक श्री अरुण राणाका अध्यक्षतामा नवगठित समितिको पहिलो बैठक २०८० पौष १० गते धान्यपूर्णिमाका शुभ दिनमा बसेको थियो । सो बैठकमा निम्नानुसारका निर्णयहरू भएका थिए ः

(१) स्थापनाकालदेखि नै झपट पुरस्कार व्यवस्थापन समितिमा रही यसलाई मन, वचन र कर्मले हार्दिकतापूर्वक सघाउँदै आएका सबै साहित्यसेवी स्रष्टाहरूप्रति आभार एवम् कृतज्ञता प्रकट गर्दै भविष्यमा पनि समितिले उहाँहरूबाट निरन्तर स्नेह, सामीप्य र प्राज्ञिक मार्गनिर्देशन प्राप्त गरिरहनाका लागि सम्मानपूर्ण वातावरण यथावत् कायम राख्ने ।

(२) समालोचक/साहित्यकार प्रा.केशव सुवेदीलाई समितिका उपाध्यक्ष पदमा मनोनयन गर्ने ।

(३) समितिको सदस्य सचिव पदको जिम्मेवारी संरक्षक श्रीमती रेखा राणालाई प्रदान गर्ने

(४) स्थापनाकालदेखि झपट पुरस्कार व्यवस्थापन समिति, सैनध्वज-नन्दकुमारी विद्वद्वृत्ति गुठी एवम् यज्ञविक्रम राणा शिक्षा सम्मान कोषद्वारा स्थापित-सञ्चालित सबै प्रकारका पुरस्कारहरूलाई समायोजन र एकीकरण गरी पुरस्कार राशिमा समेत वृद्धि गर्दै तल उल्लेख भएबमोजिमका तीनवटा पुरस्कारहरूको स्थापना गर्ने ः

(क) झपट पुरस्कार, राशि रु. १,००,०००/- (एक लाख)

(ख) यज्ञकेशर पुरस्कार, राशि रु. १,००,०००/- (एक लाख)

(ग) सैनध्वज-नन्दकुमारी विद्वद्वृत्ति पुरस्कार, राशि रु. ५०,०००/- (पचास हजार)

(५) झपट पुरस्कार तथा सैनध्वज-नन्दकुमारी विद्वद्वृत्ति/पुरस्कार एवम् यज्ञविक्रम राणा शिक्षा सम्मान विषयक अद्यावधिक अभिलेख तयार पार्न समितिका नवनियुक्त उपाध्यक्ष प्रा.केशव सुवेदीलाई अनुरोध गर्ने ।

(६) २०८० सालका निम्ति उपर्युक्त पुरस्कारहरू प्रदान गर्नका लागि सम्बद्ध क्षेत्रमा विशिष्ट योगदान दिँदै आएका स्रष्टा/साधकहरूको नाम सिफारिस गर्न समितिका उपाध्यक्ष प्रा. केशव सुवेदीका संयोजकत्वमा निम्नानुसारको पुरस्कार निर्णायक समिति गठन गर्ने :

(क) प्रा.केशव सुवेदी- उपाध्यक्ष संयोजक

(ख) श्रीमती इन्दिरा प्रसाई- सल्लाहकार सदस्य

(ग) श्री नरेन्द्रराज प्रसाई- सल्लाहकार सदस्य

यसपछि मिति २०८० साल माघ २९ गते सोमवारका दिन झपट पुरस्कार व्यवस्था समितिका संरक्षक/अध्यक्ष श्री अरुण राणाको अध्यक्षतामा बसेको बैठकबाट पुरस्कार निर्णायक समितिको सिफारिसमा तल उल्लेख भएबमोजिमका स्रष्टा/साधकहरूलाई २०८० सालका निम्नलिखित पुरस्कारहरू समर्पण गर्ने निर्णय गरिएको थियो :

(१) झपट पुरस्कार : वरिष्ठ कवि श्री कञ्चन पुडासैनी

(२) यज्ञ-केशर पुरस्कार : वरिष्ठ योगचिकित्सक श्री हरिप्रसाद पोखरेल 'मानसाग्नि'

(३) सैनध्वज-नन्दकुमारी शोधपुरस्कार : प्रा.डा. ऋषिराम शर्मा

यी पुरस्कारहरू स्वर्गीय यज्ञविक्रम राणाको शतवार्षिकीका स्मृतिमा २०८० चैत्र २४ गते शनिवारका दिन समर्पण गर्ने निर्णय पनि गरिएको थियो ।

# विभिन्न पुरस्कारबाट पुरस्कृत व्यक्तित्वहरूको मन्तव्य २०८०

# अमर प्राज्ञ श्री कञ्चन पुडासैनीको भाषणकविता

**साभार**
(ऊपट पुरस्कार पाउँदा)

मान्छे चिनिनु पर्दैन, उसको कार्य चिन्ह हो,
प्रमाणित भएको छ आज यो सत्य, धन्य हो !
प्रशंसा हो पुरस्कार, काम लाग्छ धनै पनि,
सम्मान साधनाको यो, होला प्रोत्साहनै पनि ।

नाउँ सङ्क्षिप्त ऊपट तीन अक्षरभित्रको,
रहेछ तर सङ्क्षेप नम्रताको प्रतीक पो ।
यसको ख्यातिले गर्दा सुन्छु यो त छ विस्तृत,
बढेको सुन्छु यो पाई मेरो पनि त इज्जत ।

नमस्कार्य जहाँ दाता राणा अरुणविक्रम,
रेखा राणा पनि साथै दृश्य यौटा मनोरम ।
धनी धेरै भए, थोरै उदार मनका धनी,
भो केही धनको स्वामी पुरस्कृत हुने पनि ।

उपस्थिति यहाँ झुल्क्यो हितैषी नइको पनि,
प्राप्त हुन्न सबैलाई हितेच्छाको महाजनी ।
कृति नाना थरी मेरा, तिनका परिचायक
दूरदर्शी गुणग्राही यशका यी विधायक ।

पुरस्कर्ताहरूसामु साभार नत हुन्छु म,
दिन सक्नेहरू धन्य ! उनको जय भन्छु म ।
सम्भावना उज्यालै छ, यस्तो देखिन्छ खासमा
रहला यो समारोह एउटा इतिहासमा ।

# यज्ञ केशर पुरस्कारबाट पुरस्कृत डा.हरिप्रसाद पोखरेल 'मानसाग्नि'को मन्तव्य

श्री सभाध्यक्षज्यू एवं उपस्थित सम्पूर्ण साहित्यकार-साहित्यप्रेमीमा हृदय प्रान्तर अभिनन्दन।

नेपालको पुरस्कार सम्मान इतिहासमा पुरानो र गौरवशाली झपट पुरस्कार व्यवस्था समिति-२०३७ बाट जनरल यज्ञविक्रम राणा तथा केशरकुमारी राणाका स्मृतिमा स्थापित 'यज्ञ केशर पुरस्कार'का लागि मलाई छनोट गर्ने निर्णायक समिति एवं झपट पुरस्कार व्यवस्थापन समितिप्रति कृतज्ञता व्यक्त गर्दछु। यस समितिसँग आजका दिनसम्म मेरो प्रत्यक्ष परिचय छैन। दुई आँखा बन्द गरेर तेस्रो आँखाबाट लोककल्याणका लागि निष्काम कर्मयोगमा लागिरहने हो भने एक्लो यात्रा पनि लाखौं आखाँको नानी बन्दो रहेछ। यो पुरस्कार मद्वारा ती सत्कर्मलाई समर्पित गर्दछु जो मेरो चेत र चिन्तनमा अभिव्यक्त भएर म र विश्वनिर्माणमा लागिरहेका छन्।

आफू स्वयम् इन्जिनियर र सैनिक जीवनमा रहेर पनि नेपाली साहित्य, कला र सङ्गीतलाई माया र सम्मान गर्ने जनरल यज्ञविक्रम राणाका परिवारप्रति कृतज्ञता व्यक्त गर्दछु। साहित्यकार, लेखकहरूलाई जम्मा गरेर साहित्य चर्चा र प्रवर्द्धनका लागि लागिरहने उहाँको सत्कर्मलाई लालीगुराँस चढाएर हार्दिक सम्मान गर्दछु।

विद्यालय जीवनमै साधना र सेवाको रङ्ग चढेपछि सबै जाने दक्षिणी

बाटो समातेर जीवनयात्रा प्रारम्भ भयो । दक्षिणको आँधीले धेरै बेर उडाउन सकेन र पुनः उत्तरायण भयो जीवन । शिरका सिराहरू खोतल्दै जाँदा नेपालका तीन ठुला शिव सभ्यता, जनक सभ्यता र बुद्ध सभ्यताका साथै गण्डकी, कोसी, कर्णाली र बाग्मतीका नदी सभ्यता एवं सयभन्दा बढी जातजातिभित्र अन्तर्निहित कलासंस्कृति र विज्ञानको जग 'योग' रहेको देखियो, त्यसैलाई जगजाहेर गर्न २०३६ सालबाट सङ्कल्प गरिएको विश्वयोग दिवस र योग संवत् बोकेर यात्रा अघि बढ्यो । योगको पुनर्जागरण र प्रकृतिसँगको सहजीवनको सूत्र चिनाउँदै नेपालका हिमाल, पहाड र तराईका अधिकांश स्थान भ्रमण गरी चैतन्यबोधको डमरु बजाउने सौभाग्य मिल्यो ।

विक्रम संवत् २०५० सालमा नेपालकै प्रथम आवासीय प्राकृतिक स्वास्थ्य अस्पताल भीमसेन गोला बानेश्वरमा स्थापना र सञ्चालनमा आयो जसले प्राकृतिक चिकित्साको लोकयात्राबाट नवयुगको प्रवर्द्धन गर्ने थातथलोको स्वरूप पायो । प्रकृति मैत्री र दिगो स्वास्थ्यसेवाबाट प्रारम्भ भएको यो अभियान स्वास्थ्य, शिक्षा र रोजगारी सिर्जना गर्दै देशभरि फैलिँदै गयो ।

विद्यालय, महाविद्यालय र विश्वविद्यालयहरूमा योग र प्राकृतिक चिकित्साका पाठ्यक्रम बनी औपचारिक शिक्षाको जग बन्न थाल्यो । आजसम्म करिब सत्ताइसवटा पाठ्यक्रम निर्माणमा शिक्षा मन्त्रालय र विश्वविद्यालयमा संयोजकका रूपमा संयोजन गरी यात्रा अगाडि बढ्यो । विश्वमै पहिलोपटक राष्ट्रिय योग दिवस माघ १ ले नेपालको गौरव बढाएको छ ।

स्वास्थ्य मन्त्रालयमा २०५९ सालमा प्राकृतिक चिकित्साले राष्ट्रिय स्वास्थ्य सेवाका रूपमा मान्यता पायो भने २०७४ सालबाट असार २० ले विश्वमै पहिलो पटक राष्ट्रिय प्राकृतिक चिकित्सा दिवसको मान्यता पायो । स्वास्थ्य मन्त्रालयमा यी र यस्तै सयौं सत्कार्यमा अध्यक्ष र संयोजक बन्दै नयाँ जनशक्तिको काँधमा नवयुगलाई बिसाउन अनेकौँ कार्यहरू भइरहे ।

आज योग एवं प्राकृतिक चिकित्साका दक्ष नेपाली जनशक्ति नेपाल र विश्वबजारमा सम्मानित रोजगारीमा फैलिएका छन् एवं नेपाली कला, संस्कृति र विज्ञानको त्रिवेणी योग र प्रकृतिसँगको सहजीवन सिकाइरहेका छन् ।

‘यज्ञ केशर पुरस्कार’ मलाई नभएर करिब चालिस वर्षबाट स्वास्थ्य, शिक्षा, लेखन, सेवा आदि माध्यमबाट गरिएका सत्कर्मलाई हो भन्ने मलाई लाग्दछ । व्यक्ति जब आफ्ना सत्कर्मले लुछुप्पै भिज्दछ तब आफ्नो मूलको फूल र बीजको यात्रामा बढ्दो रहेछ, तब ऊ व्यक्ति नभएर सहस्र व्यक्तिको सत्कर्मको बीज बन्दो रहेछ ।

नेपालमा जन्मिन पाउनु मेरा लागि सौभाग्य थियो भने नेपालबाहिर सम्मान र सम्पन्नता पाउँदा पाउँदै पनि सिङ्गो जीवन नेपाललाई केन्द्रमा राखेर विश्व सेवामा बिताउने सङ्कल्प अनादि सत्ताको आशीर्वाद हो । नेपाल विश्वको शिर हो । हामीले बैलैमा बुझ्न जरुरी छ । नेपालको पाल्पा जिल्लामा मलाई शरीर र सङ्कल्प प्राप्त भयो । नेपालका एकहत्तर जिल्लाको चेतना यात्रापछि काठमाडौँको भीमसेनगोलामा मियो गाडेर देशैभर दाइँ गरियो । आज बानेश्वरमै जन्मिएको पुरस्कार प्राप्त हुनु संयोग मात्र नभई भोलिका दिनमा सरलताभित्र सम्भावनाको सत्कर्म गरिरहने प्रेरणा र प्रसाद सम्झी पशुपतिनाथलाई साक्षी राखेर यो पुरस्कार ग्रहण गरेको छु । आज प्राप्त पुरस्कारले मेरो घरको सम्मान बढाउने छ भने प्राप्त धनराशि मेरा लागि नभई लोककल्याणमा समर्पण गरिने छ ।

अन्तमा मानिस, जीव, जन्तु, कीटपतङ्ग चराचुरुङ्गी, पञ्चतत्त्व र आकाशगङ्गाको मङ्गल कामनासहित यस समयबाट बिदा लिन्छु ।

# सैनध्वज नन्दकुमारी शोध पुरस्कारबाट पुरस्कृत प्रा.डा.ऋषिराम शर्माको मन्तव्य

समारोहका सभापतिज्यू

उपस्थित महिला तथा सज्जनवृन्द

साहित्य, कला, संस्कृति र अनुसन्धान आदिका क्षेत्रमा प्रदान गरिने गरी नेपालमा हाल विविध पुरस्कारहरू स्थापना भएका छन् । यस्ता पुरस्कारहरूको सङ्ख्या उल्लेख्य नै छ तर नेपालमा साहित्यकार झपटबहादुर राणाका नाममा उहाँका सुपुत्र यज्ञविक्रम राणाद्वारा स्थापित 'झपट पुरस्कार' नेपालका प्रतिष्ठित र परिचित पुरस्कारहरूका पङ्क्तिमा पर्दछ । यो पुरस्कारबाट यसअघि पुरस्कृत हुनुहुनेहरूको सूची हेर्दा यस पुरस्कारको गरिमा आफै छर्लङ्ग हुन्छ । यसअन्तर्गत दिइने पुरस्कारहरूमा झपट पुरस्कार, यज्ञ केशर पुरस्कार र सैनध्वज नन्दकुमारी शोध पुरस्कार गरी तीन पुरस्कार छन् ।

यी पुरस्कार समर्पणको कार्यक्रम विगत केही समयदेखि हुन नसकिरहेको भए तापनि २०८० सालदेखि पुनः यी सञ्चालनमा आएका छन् । यी पुरस्कार हरूका संस्थापक साहित्यकार झपटबहादुर राणाका सुपुत्र र पुत्रवधू यज्ञविक्रम राणा र केसर कुमारी राणा पनि दिवङ्गत भइसक्नुभएको छ । आज यी पुरस्कार समर्पण भइरहँदा यी पुरस्कारहरूका संस्थापक जनरल यज्ञविक्रम राणाको १००औँ जन्म जयन्तीको पुनीत अवसरसमेत परेको छ ।

आज यज्ञविक्रम राणाका सुपुत्र र पुत्रवधू अरुण राणा र रेखा राणाज्यूले आफ्ना पिताले स्थापना गर्नुभएका यी पुरस्कारहरूलाई जुन उत्साह र रुचिका साथ अगाडि बढाउने कार्य गरिरहनुभएको छ त्यसले एकातिर उहाँहरूको आफ्ना पिताप्रतिको कर्तव्यनिष्ठाको ज्वलन्त नमुना प्रस्तुत गर्दछ भने अर्कातिर अरुणविक्रम राणा र उहाँकी धर्मपत्नी रेखा राणाको साहित्यप्रतिको अनुरागसमेत द्योतन गर्दछ। साहित्यका क्षेत्रमा उहाँहरूजस्तो युवा पुस्ताको रुचिले मुलुकका युवाहरूलाई समेत यस क्षेत्रमा लाग्ने थप ऊर्जा र प्रेरणा प्रदान गर्दछ ।

सैनध्वज नन्दकुमारी शोध पुरस्कार प्ररम्भदेखि नै विद्यावारिधि गर्ने विशिष्ट व्यक्तित्वहरूलाई प्रदान गरिँदै आएकामा आफू पनि आज यो पुरस्कारबाट पुरस्कृत हुन पाउँदा गौरवान्वित भएको छु। आधुनिक नेपाली कथाका आदिगुरु गुरुप्रसाद मैनालीका कथाको सौन्दर्य र चारुतालाई पूर्वीय साहित्यशास्त्रको वक्रोक्ति सिद्धान्तका सापेक्षतामा विश्लेषण गरेको त्यस बेलाको समय अहिले पुनर्जागरण भएको अनुभूत मैले गरिरहेको छु र यसबाट मैले थप ऊर्जा र हौसला प्रप्त गरेको महसुस गरिरहेको छु । यस्तो महत्त्वपूर्ण पुरस्कारका लागि चयन गर्नु भएकामा म सम्बद्ध पक्षमा हार्दिक आभार प्रकट गर्दछु ।

# झपट पुरस्कार व्यवस्थापन समिति २०८२ मा बसेका बैठक र तिनका निर्णयहरू

१. २०८२ फागुन १ गते शुक्रवारका दिन झपट पुरस्कार व्यवस्थापन समितिका अध्यक्ष तथा संरक्षक श्री अरुण राणाका अध्यक्षतामा समितिको बैठक बसी २०८२ सालका झपट पुरस्कार, यज्ञकेशर पुरस्कार एवम् सैनध्वज नन्दकुमारी शोधपुरस्कार प्रदान गर्नका लागि समितिका सल्लाहकार इन्दिरा प्रसाईका संयोजकत्वमा प्रा.डा.हेमचन्द्र नेपाल र प्रा.डा.भरतकुमार भट्टराई सदस्य रहेको निर्णायक समितिको गठन गरेको थियो । सोही बैठकले श्रीमती नीता बस्नेतलाई व्यवस्थापन समितिको सदस्यमा मनोनयन गर्ने निर्णयसमेत गरेको थियो ।

२. २०८२ फागुन ६ गते बुधवारका दिन झपट पुरस्कार व्यवस्थापन समितिका अध्यक्ष तथा संरक्षक श्री अरुण राणाको अध्यक्षतामा व्यवस्थापन समिति तथा २०८२ फागुन १ गतेको बैठकबाट गठित निर्णायक समितिसहितको संयुक्त बैठक बस्यो । सोही बैठकले पूर्वगठित निर्णायक समितिको सिफारिसअनुसार तल उल्लेख भएबमोजिमका स्रष्टा-साधक तथा अनुसन्धाताहरूलाई २०८२ सालका लागि निम्नानुसारका पुरस्कारद्वारा सम्मानित गर्ने निर्णय गरेको थियो :

(१) झपट पुरस्कार : वरिष्ठ आख्यानकार श्री सनत रेग्मी

(२) यज्ञकेशर पुरस्कार : प्रसिद्ध गीतकार श्री राजेन्द्र थापा

(३) सैनध्वज नन्दकुमारी शोधपुरस्कार :

(क) प्रा.डा. गोपालप्रसाद शर्मा अधिकारी

(ख) डा. कान्छी महर्जन

२०८२ चैत्र ९ गते सोमवारका दिन झपट पुरस्कार व्यवस्थापन समितिका अध्यक्ष तथा संरक्षक श्री अरुण राणाका अध्यक्षतामा समितिको बैठक बसी निम्नानुसारका निर्णयहरू गरेको थियो :

(१) पुरस्कार संस्थापक एवम् समितिका संरक्षक श्री अरुण राणा र श्रीमती रेखा राणाबाट सैनध्वज नन्दकुमारी शोधपुरस्कारको रकम वृद्धि गरी १०००००/- (एक लाख) पुऱ्याउने र एक वर्ष बिराएर रु.५००००/- (पचास हजार) का दरले दुई जनालाई सो पुरस्कार समर्पण गर्ने सदिच्छा जाहेर भएकाले यसै वर्षदेखि दुई जनालाई उक्त शोधपुरस्कार प्रदान गर्ने निर्णय कार्यान्वयन गरियो ।

(२) झपट पुरस्कार वितरण समारोह चैत्र १४ गते शनिवारका दिन आयोजना गर्ने र सो प्रयोजनका लागि आवश्यक पूर्व तयारीका सम्पूर्ण कार्यक्रमहरू सम्पन्न गर्ने ।

(३) पुरस्कार वितरण समारोहमा समितिका सचिव श्रीमती रेखा राणाद्वारा सृजित 'अनन्त कृतज्ञता' (२०८२) नामक संस्मरणात्मक कृति लोकार्पण गर्ने ।

(४) समितिको यसअगिको बैठकबाट पुरस्कारका निम्ति चयन गरिएका स्रष्टा-साधक एवम् अनुसन्धातालाई पुरस्कार समर्पण गर्ने ।

(५) अभिलेख अद्यावधिक गर्ने जिम्मेवारी झपट पुरस्कार व्यवस्थापन समितिका उपाध्यक्ष प्रा.केशव सुवेदीलाई प्रदान गर्ने र सो अद्यावधिक अभिलेख पुरस्कार वितरण समारोहमा वितरण गर्ने ।

# पुरस्कृत व्यक्तित्वहरूको मन्तव्य
# २०८२

# झपट पुरस्कारबाट पुरस्कृत वरिष्ठ आख्यानकार श्री सनत रेग्मीको मन्तव्य

माननीय प्रमुख अतिथि, विशिष्ट अतिथिज्यूहरू, झपट पुरस्कार व्यवस्थापन समितिका पदाधिकारी र सदस्यज्यूहरू, मेरा अग्रज, समवयी र अनुज साहित्यकारज्यूहरू र साहित्यप्रेमी दाजुभाइ तथा दिदीबहिनीहरू ! सर्वप्रथम यहाँहरूमा म सनत रेग्मीको सादर अभिवादन !

आज म अत्यन्त भावुक र कृतज्ञ मन लिएर यहाँ उभिएको छु। झपट पुरस्कार व्यवस्था समितिबाट नेपाली साहित्यका प्रतिष्ठित साहित्यकार झपटबहादुर राणाका नाममा स्थापित 'झपट पुरस्कार' प्राप्त गर्नु मेरा लागि केवल सम्मान मात्र होइन, ठुलो जिम्मेवारी पनि हो। यस्तो प्रतिष्ठित पुरस्कारले मलाई अत्यन्त हर्षित, प्रेरित र गौरवान्वित बनाएको छ।

सबैभन्दा पहिले म यस सम्मानका लागि पुरस्कार प्रदान गर्ने संस्था तथा यस कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। तपाईंहरूले मेरो लेखन-साधनालाई सम्मानयोग्य ठान्नुभयो, यसले मेरो साहित्यिक यात्रालाई अझ दृढ बनाएको छ। साहित्य केवल शब्दहरूको खेल होइन; यो जीवनको अनुभूति, समयको सत्य र समाजको आत्मा हो। हामीले लेख्ने शब्दहरूमा हाम्रो परिवेश, पीडा, आशा, सङ्घर्ष र सपनाहरू प्रतिविम्बित हुन्छन्। त्यसैले साहित्यकारको दायित्व केवल लेख्नु मात्र होइन

समाजलाई संवेदनशील बनाउनु पनि हो। यही विश्वासले म सधैँ लेखनयात्रामा अगि बढिरहेको छु।

आज यो सम्मान प्राप्त गर्दा मलाई आफ्ना गुरुजन, अग्रज साहित्यकारहरू र मेरा पाठकहरूको सम्झना आइरहेको छ। उनीहरूको प्रेरणा, सुझाव र मायाले नै मेरो कलमलाई निरन्तर चलिरहने शक्ति दिएको छ। विशेष गरी मेरो परिवारप्रति म अत्यन्त कृतज्ञ छु जसले सधैँ मेरो साहित्यिक यात्रामा साथ, धैर्य र विश्वास प्रदान गरेको छ।

यस पुरस्कारलाई म आफ्नो अन्तिम उपलब्धि होइन; बरु नयाँ यात्राको प्रारम्भका रूपमा लिन्छु। यसले मलाई अझ जिम्मेवार बनाएको छ; अझ गहिरो सोच्न, अझ संवेदनशील भएर लेख्न र समाजका आवाजहरूलाई शब्द दिन।

अन्त्यमा महान् साहित्यकार झपटबहादुर राणाप्रति हार्दिक श्रद्धा व्यक्त गर्दै उहाँको साहित्यिक आदर्श र परम्परालाई अगाडि बढाउन प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। यस सम्मानका लागि पुनः एक पटक धन्यवाद व्यक्त गर्दै यहाँ उपस्थित सम्पूर्ण महानुभावहरूको सुस्वास्थ्य, प्रगति र निरन्तर साहित्यप्रेमको कामना गर्दछु। धन्यवाद !

# यज्ञकेशर पुरस्कारबाट पुरस्कृत प्रसिद्ध गीतकार राजेन्द्र थापाको मन्तव्य

सम्मानित हुनु भनेको उकालोमा एकछिन रोकिनु र पछाडि फर्केर सिर्जना पाखामा कति चढिएछ भनेर हेर्ने एक मौका पनि हो । साथै आफ्ना यात्राबारे अरूले पनि थाहा पाएरै त मान दिएको रहेछ भनेर आफूले आफूलाई धाप दिनु जस्तै पनि हो अर्को अर्थमा । बहुत अब्बल मानिएको झपट पुरस्कार मालाको यज्ञकेशर थुँगाद्वारा अभिषेक हुन लागेको यस क्षणमा म यही धापको आनन्दको सन्तोष अनुभव गरिरहेको छु ।

अझ मलाई यो पुरस्कारको बढी जीवन्तताको न्यानो हिक्क हिक्क आइरहेको छ, पुरस्कारमा जोडिएको नामको स्मरणले । किनभने म उहाँसँग २०२७ फागुनदेखि नै नजिकिएकाले धेरै स्मरण छापिएका छन् मनमस्तिष्कमा ।

सैनिक भऱ्याङमा जेष्ठता कनिष्ठताका बिचको दूरी नाघेर यज्ञ सरले सुरुदेखि नै मेरो प्रतिभा र सैनिक विशिष्टता तथा निजी व्यक्तित्वको खुब तारिफ गर्नुहुन्थ्यो अन्यहरूका सामु । मलाई लाग्छ, कवि साहित्यिकार इन्जिनियर पढैया (सेनामा उनलाई सिनियरहरू पढैया यज्ञ भन्थे र जिस्क्याउँथे अब अर्को एम.ए. कहिले थप्छ थाहा हुन्न) ।

यज्ञविक्रम जरसाब यतिबेला मलाई सम्मानित गरिएको अवस्थामा सायद मभन्दा बढी खुसी हुनुहुन्छ होला कतै अनन्तमा बसेर ध्यानमग्न भई सिर्जना

गरिरहनुभएको भए। किनभने पेसा जिम्मेवारी या सिर्जना या गहन अध्ययन नगरी बस्न नसक्ने अद्भुत व्यक्तिको नाम हो यज्ञविक्रम राणा।

*

पुरस्कारको प्रसङ्गमा आउँदा मलाई लाग्छ सिर्जना र सिर्जनशीलताभन्दा पुरस्कार फरक कुरा हो किनभने सिर्जना भनेको सर्जकको गतिशील मन र भावको जोडी ढुक्कुरको निरन्तर चलिरहने प्रणयलीला जस्तै हो र पुरस्कार भनेको बेलाबखत थकानको तिर्खा मेटाउन उकालीमा आडैमा कसैले पिलाएको चिसो मोहीको अम्खरा हो। तिर्खा मेट्यो अनि फेरि अगि बढ्यो, बस् यति मात्र।

८ वर्षको बालबुद्धि कालमा पहिलो कविता लेखेको केटालाई २०२१/०२२ मा चौध वर्षको उमेरमा कवितामा रजत पदकदेखि सुरु सम्मानको यात्रा आज यज्ञकेशर मानसम्म आइपुग्दा यदि बयान गर्न थाल्ने हो भने सेतोसँगसँगै कालाको चाङ पनि भकारिने छ सायद। त्यसैले २०२९ सालमा मैले लेखेको थिएँ नगरकोटको डाँडामा ब्यारेकभित्रको सल्लेरी हावामा कि फूलको बयानमा काँडाको पनि नाम आउँछ।

प्रसङ्गमा आउँदा यो पुरस्कारको मलाई सबैभन्दा लोभ लागेको हो प्रकाशित सूचनामा एकदम फरक तरिकाले लेखिएको एक हरफले।

लेखिएको थियो कि......

सङ्गीतमय शब्दमार्फत नेपाली भाषालाई जनप्रिय बनाउन उद्यत राजेन्द्र थापा ...

गीत, कविता, मुक्तक, आख्यान आदिका लागि उल्लेख गरेर दर्जनौँ सम्मान पुरस्कार दिनेलिने कर्मकाण्डमा फलानो विधामा यो त्यो यति उति सब फूलबुट्टा भन्ने र सुन्ने नियमित प्रक्रिया त नियमित चियाको घुटुक्क घुट्क्याइ सरह नै भए। किन्तु परन्तु ती विधाहरूका विभिन्न पत्र तहहरूको सिर्जनशीलता, शैली, वस्तु, भाषा, कला आदि तथा लोकप्रियताको उल्लेख हुनु नियमित कर्मकाण्ड भयो।

तर त्यसले समाजभित्रका आम मानिसमा भाषा उखानहरूको रस घोल्न र चोपल्न सकेको तथ्यलाई ध्यान दिइन्न। मैले जानी नजानी लेखेका रचनाहरूले २०२६ सालदेखि जब रेडियोमार्फत दूरदराज, सहर, गाउँ, देश र परदेशको नेपाली मनलाई हुँडल्न सफल हुँदा शब्द र विम्ब पनि जिब्रो र मनमा गढेको मलाई आम जनताले जहाँ पनि भन्छन् तर यो कुनै संस्थाले यति गहन बुझेर व्यक्त गरेकामा म बहुत प्रफुल्लित छु।

मन फाट्ने, सिउने, टाल्ने जस्ता शब्द विम्ब र प्रतीकहरू आज दैनिकीमै उपयोग भएको बुझेको छु। जब सुदूरमा द्वन्द्वको रगतपच्छे कालमा सुदूरमा काम गरेँ त्यहाँका उच्च शोषक पुरुषवर्ग नै स्वयम् अन्य क्षेत्रको निम्नतम वर्गभन्दा तल भुइँमा धुलिसात् रहेको महसुस गरेपछि तिनका लागि नेपाली भाषामै नभएको शब्द भुइँमान्छे बनाए जुन आज पन्ध्रबिस हरेकका मुखमा यसरी टाँस्सिएको छ कि मानौँ यो सयौँ वर्षदेखि हाम्रो समाज भाषामा थियो तर होइन थिएन। अन्त्यमा भन्नुपर्ने कुराहरू धेरै भए पनि पछि नै गीत, मुक्तक, कविता इत्यादिमार्फत भनौँला। अन्त्यमा भर्खर लेख्दै गरेको अपुरो गजल–

दुनियाँमा हल्ला छ - आजकल मो बदनामी भएको
सिरानीलाई था'छ - मायामा मो बिरामी भएको

हल्ला गर्दै ह्याँ हल्लेहरू - सल्ला गर्दै बाठाहरू
तोकिसके रे मोल घरको - जलेर खरानी भएको

# सैनध्वज–नन्दकुमारी शोधपुरस्कारबाट पुरस्कृत प्रा.डा.गोपालप्रसाद शर्मा अधिकारीको मन्तव्य

माननीय अतिथिवर्ग, आदरणीय निर्णायक मण्डल, मेरा प्रिय मित्र साथी साहित्यकार र साहित्यप्रेमीहरू, यहाँहरू सबैमा म गोपालप्रसाद अधिकारीको अभिवादन !

आज म यहाँ उभिएर शब्दहरू छनोट गर्न गाह्रो महसुस गर्दै छु किनभने मेरो मन अत्यन्त भावुक छ- साथै उत्साह र कृतज्ञताले भरिएको छ । वरिष्ठ साहित्यकार झपबहादुर राणाका सुपुत्र साहित्यकार यज्ञविक्रम राणा तथा केशरकुमारी राणाद्वारा स्थापित सैनध्वज-नन्दकुमारी शोधपुरस्कार म जस्तो सधैँ लेखनको खोजीमा लाग्ने साधकले पाउनु मेरा लागि गर्व मात्र होइन, अपार जिम्मेवारी पनि हो ।

साहित्यमा शब्दहरू मात्र होइन; जीवनको अनुभव, समाजको संवेदनशीलता र समयको सत्य समेटिन्छ । मैले लेखेका प्रत्येक पङ्क्तिमा मेरो मनका भाव, समाजका पीडा र आशाहरू झल्किन खोजेका हुन्छन् । यस पुरस्कारले मलाई यो यात्रा अझ गहिरो बनाउने प्रेरणा दिएको छ ।

मैले यो सम्मान पाउँदा मेरा गुरुजन, अग्रज साहित्यकारहरू र मेरा प्रिय पाठकहरूको सम्झना आइरहेको छ । उनीहरूले दिएको विश्वास र

मार्गदर्शनबिना म आज यहाँ उभिन सक्दिनथेँ । उहाँहरूको समर्थन, धैर्य र प्रेमले नै मेरो कलम चल्न निरन्तर प्रेरित गरेको छ ।

यस पुरस्कारले मलाई अझ संवेदनशील भएर लेख्ने, समाजका आवाजलाई शब्द दिने र हाम्रो सांस्कृतिक र साहित्यिक धरोहरलाई अगाडि बढाउने प्रेरणा प्रदान गरेको छ ।

अन्त्यमा महान् साहित्यकार झपटबहादुर राणाप्रति हार्दिक श्रद्धा व्यक्त गर्दै उहाँको आदर्शलाई अनुसरण गरी मेरो लेखनलाई अझ मूल्यवान् बनाउने प्रतिबद्धता व्यक्त गर्दछु । सबैलाई धन्यवाद र हाम्रो साहित्ययात्रा सदैव प्रगतिशील रहोस् भन्ने कामना व्यक्त गर्दछु । धन्यवाद !

# सैनध्वज नन्दकुमारी शोधपुरस्कारबाट पुरस्कृत डा.कान्छी महर्जनको मन्तव्य

उपस्थित सम्पूर्ण आदरणीय व्यक्तित्वप्रति हार्दिक नमन, सम्मानित व्यक्तित्वमा हार्दिक बधाई तथा झपट पुरस्कार व्यवस्था समितिप्रति हार्दिक आभार !

यस पटकको झपट पुरस्कार व्यवस्था समितिको सैनध्वज नन्दकुमारी शोध पुरस्कार छनोटमा म परेकी छु। आरम्भमा त मलाई विश्वास नै लागेन। सुनेकी थिएँ, पुरस्कार छनोटमा पनि सिन्डिकेट हुन्छ। आफू त परियो, काठमाडौँको ज्यापू समुदायकी चेली, त्यसैले विश्वास गर्ने कारण नै थिएन । तर जब सामाजिक सञ्जालमार्फत बधाईको ओइरो लाग्यो तब मात्र विश्वास लाग्यो। सोचेँ, कर्मको सही मूल्याङ्कन कहीँ कहीँ त हुँदो रहेछ; कसै कसैद्वारा गरिँदो रहेछ। झपट पुरस्कार व्यवस्था समितिको अभिलेख पढ्न मन लाग्यो; यसको गर्विलो इतिहाससँग परिचित हुन मन लाग्यो। आदरणीय व्यक्तित्व यज्ञविक्रम राणाद्वारा आफ्ना प्रातः स्मरणीय पिता झपटबहादुर राणाले साहित्य सृजनामार्फत पुऱ्याउनुभएको विशिष्ट साहित्यिक योगदानलाई व्यवस्थित गर्दै नेपाली भाषा, साहित्य, कला, संस्कृति एवम् शिक्षाक्षेत्रको संवर्धनमा समेत टेवा पुऱ्याउने उद्देश्यले २०३९ सालमा झपट पुरस्कार र २०३९ सालमा सैनध्वज नन्दकुमारी पुरस्कार स्थापना गरिएको रहेछ। परम्परागत पैतृक दायित्व वहन गर्दै आजसम्मको पुग नपुग साढे चार दशकको लामो गौरवपूर्ण इतिहासका

साथ चिरजीवन प्राप्त गरेको यस समितिमा देशका विशिष्ट स्रष्टा बालकृष्ण सम, राष्ट्रकवि माधवप्रसाद घिमिरे, इतिहासकार सूर्यविक्रम ज्ञवालीलगायतको ऊर्जाशील र प्राज्ञिक संलग्नताले सकारात्मक पथप्रदर्शन गरेको देखिन्छ । झपट पुरस्कार तथा विशेष सम्मानद्वारा सम्मानित व्यक्तित्वको सूचीमा पनि समावेशिता पाइन्छ। यस समितिले जात, उचनीचता आदिलाई भन्दा व्यक्तिको व्यक्तित्व र योगदानको कदर गर्दछ भन्ने लाग्यो ।

अन्त्यमा सैनध्वज नन्दकुमारी शोधपुरस्कारका लागि मलाई छनोट गर्ने झपट पुरस्कार व्यवस्था समितिलाई हृदयबाट कृतज्ञता व्यक्त गर्न चाहन्छु । यस विशेष क्षणमा मलाई अघि बढ्न हौसला दिई आवश्यक मार्गनिर्देशनसमेत गर्नुहुने श्रद्धेय गुरुवर नरेन्द्रराज प्रसाई, इन्दिरा प्रसाई, दयाराम श्रेष्ठ, अशेष मल्ल, सावित्री कक्षपती (मल्ल) लगायतका व्यक्तित्वलाई विशेष धन्यवाद दिन चाहन्छु। यस अविस्मरणीय क्षणमा म पुलकित त छँदै छु साथै ममा जिम्मेवारी बढेको अनुभव पनि गर्दै छु। मेरा काँधमा नेपाली भाषा, साहित्य, संस्कृति, कला एवम् शिक्षाक्षेत्रको संवर्धनमा समेत केही विशेष कार्य गर्ने जिम्मेवारी थपिएको छ। पेसा नै प्राध्यापन भएकाले मेरो कर्म भनेकै पढ्नु, लेख्नु, नवीन खोज गर्नु र पढाउनु हो। यी कार्यहरू म आजीवन गरि नै रहनेछु भन्दै सबैमा हार्दिक आभार व्यक्त गर्दछु। धन्यवाद !

विनीत
डा.कान्छी महर्जन
उपप्राध्यापक त्रिभुवन विश्वविद्यालय
सरस्वती बहुमुखी क्याम्पस २०८२-१२-१४

# झपट पुरस्कार व्यवस्थापन समितिका अध्यक्ष तथा संरक्षक श्री अरुण राणाको सङ्क्षिप्त परिचय



जनरल यज्ञविक्रम राणा र केशरकुमारी राणाका एक मात्र सुपुत्र श्री अरुण राणा झपट पुरस्कार व्यवस्था समितिका संरक्षक तथा अध्यक्ष हुनुहुन्छ । नेपाली भाषा-साहित्यको संवर्द्धनमा सानैदेखि रुचि राख्दै आएका राणा अन्तर्राष्ट्रिय विकास वित्त र परियोजना व्यवस्थापनका क्षेत्रमा दुई दशकदेखि वरिष्ठ अन्तर्राष्ट्रिय विकास पेसाकर्मीका रूपमा क्रियाशील हुनुहुन्छ। हार्वर्ड विश्वविद्यालय म्यासाचुसेट्स तथा कोलम्बिया विश्वविद्यालय न्युयोर्कबाट क्रमशः कार्यकारी नेतृत्व कार्यक्रम तथा अन्तर्राष्ट्रिय मामिला विषयमा उच्च शिक्षा हासिल गरेका राणा हाल अमेरिकी बहुराष्ट्रिय परामर्श कम्पनी डीएआई (DAI) को 'उदय परियोजना'का प्रमुखका रूपमा कार्यरत हुनुहुन्छ। स्विस विकास सहयोग (SDC) को वित्तीय लगानीमा यस परियोजनाले नेपालको आर्थिक विकासमा योगदान पुऱ्याउँदै आएको छ । यसअगि उहाँले नेपालका लागि आईसीएफ इन्टरनेसनल (ICF) का निर्देशक, जीआईजेड (GIZ) का वरिष्ठ सल्लाहकार तथा समृद्ध पहाड

युकेका प्रमुख कार्यकारी अधिकृत (CEO) को भूमिका निर्वाह गर्नुभएको थियो। नेपाल चियाक्षेत्रको विकास, सार्वजनिक निजी संवाद तथा दुर्गम क्षेत्रमा वित्तीय पहुँच विस्तारका कार्यक्रमहरूमा पनि उहाँको विशेष योगदान रहेको छ। नेपाल इन्भेस्टमेन्ट बैङ्कमा रहेर अनुसन्धान तथा रेमिट्यान्स विभागको नेतृत्व गर्दै उहाँले बैङ्कलाई दुई पटक 'वर्षको उत्कृष्ट बैङ्क' (फाइनान्सियल टाइम्स, लन्डन) को सम्मान दिलाउनका लागि सहजीकरण गर्नुभएको थियो। प्रथमतः सञ्चारशास्त्रमा स्नातक तथा पत्रकारका रूपमा करियर सुरु गरेका राणाले गोल्डम्यान साक्स र जे.पी.मोर्गन चेस (न्युयोर्क) जस्ता विख्यात अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूमा अनुसन्धानकर्ताका रूपमा काम गर्नुभएको छ। नेपालका सरकारी निकाय, निजी क्षेत्र, राजनीतिक दल र विकास साझेदारसँगको व्यापक सम्बन्ध र सातै महादेशको भ्रमणले उहाँलाई ज्ञान र अनुभवको बृहत् परिप्रेक्ष्य प्रदान गरेको छ। हाल उहाँ रातो बङ्गला स्कुल साझेदारी आउटरिच कार्यक्रम (RBPOP) र समृद्ध पहाड लगायतका सामाजिक संस्थाहरूमा सञ्चालक समिति सदस्यका रूपमा पनि आबद्ध हुनुहुन्छ।

**सम्पादक**

# झपट पुरस्कार व्यवस्थापन समितिका सचिव श्रीमती रेखा राणाको सङ्क्षिप्त परिचय



**रेखा राणा** : बर्दिया निवासी धनराज शाह तथा पार्वती शाहकी छोरीतर्फकी नातिनी, नारायणप्रसाद लोहनी तथा सावित्री लोहनीकी छोरी एवम् बानेश्वर काठमाडौँ निवासी अरुण राणाकी सहधर्मिणी एवम् यज्ञविक्रम राणा तथा केशरकुमारी राणाकी बुहारी हुनुहुन्छ । झपट पुरस्कार व्यवस्था समितिका सचिव रेखा लैङ्गिक समानता, सामाजिक समावेशीकरण (GESI), लैङ्गिक हिंसा न्यूनीकरण तथा महिला युवा सशक्तीकरणका क्षेत्रमा दुई दशकभन्दा बढी अनुभव सँगालेकी वरिष्ठ विकास पेसाकर्मी हुनुहुन्छ । उहाँले संयुक्त राज्य अमेरिकाको Drew University बाट महिला अध्ययनमा तथा त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातकोत्तर उपाधि हासिल गर्नुभएको छ ।

रेखा बेलायती सरकारका सहयोगमा सञ्चालित नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रम (NHSSP) मा आबद्ध रही स्वास्थ्य तथा जनसङ्ख्या

मन्त्रालयमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको प्राविधिक सल्लाहकारका रूपमा लामो समयदेखि कार्यरत हुनुहुन्छ। स्वास्थ्य मन्त्रालयमा रहँदा उहाँले एक दशकभन्दा बढी समय एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, सामाजिक सेवा एकाइहरूको स्थापना तथा विस्तार, नीति कार्यक्रम निर्माण र स्वास्थ्यसेवाको मूलप्रवाहीकरणमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको छ।

रेखाले राष्ट्रिय मानव अधिकार आयोग, अन्तर्राष्ट्रिय परिवार नियोजन महासङ्घ (IPPF), नेपाल परिवार नियोजन संघ (FPAN) लगायत विभिन्न संयुक्त राष्ट्रसङ्घीय निकायहरू (UN Women, UNFPA) मा प्राविधिक सल्लाहकार, परियोजना व्यवस्थापक तथा परामर्शदाताका रूपमा पनि कार्य गर्नुभएको छ।

लैङ्गिक हिंसा, यौन तथा प्रजनन स्वास्थ्य अधिकार एवम् सामाजिक समावेशीकरणका विषयमा रेखाले पन्ध्रभन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरूमा प्रस्तुति तथा सहभागिता जनाइसक्नुभएको छ। यस क्षेत्रमा उहाँका दर्जनभन्दा बढी अनुसन्धानात्मक कृतिहरू प्रकाशित छन्। उहाँका शोधकार्यहरू घरेलु हिंसा, महिला मानव अधिकार तथा ग्रामीण समाजमा परिवार नियोजनको सामाजिक-आर्थिक पक्षजस्ता विषयमा केन्द्रित छन्।

रेखा नीति निर्माण, मार्गदर्शन विकास, तालिम सामग्रीको तयारी, अनुसन्धान तथा मूल्याङ्कन, अन्तरसरकारी समन्वय र बहु-सरोकारवालासँग सञ्जाल विस्तारमा दक्ष हुनुहुन्छ। उहाँले लैङ्गिक समानता र समावेशी विकासका क्षेत्रमा निरन्तर योगदान पुर्‍याउँदै आउनुभएको छ। हाल उहाँ मानव सेवा आश्रमकी सल्लाहकारका रूपमा पनि आबद्ध हुनुहुन्छ। नेपाली र अङ्ग्रेजी साहित्यका कृतिहरूको पठन र सृजनामा पनि गहिरो अभिरुचि राख्ने रेखाको हालै मात्र 'अनन्त कृतज्ञता' शीर्षकको संस्मरणात्मक कृति प्रकाशनमा आएको छ।

**सम्पादक**

# पुरस्कार समर्पण समारोहका तस्बिरहरू



विशिष्ट विद्वान्हरूका साथमा यज्ञविक्रम



राष्ट्रकवि माधव घिमिरेका साथ नेपाली साहित्यका विशिष्ट विद्वान् तथा परिवारका सदस्यहरू



झपट पुरस्कारका संस्थापकद्वय यज्ञविक्रम राणा र केशरकुमारी राणा



झपट पुरस्कार समर्पण समारोहमा उपस्थित सहभागीहरू



झपट पुरस्कार समर्पण समारोहमा उपस्थित सहभागीहरू



सूर्यविक्रम ज्ञवाली, बालकृष्ण सम र माधव घिमिरे
(झपट पुरस्कार समर्पण समारोह वि.सं. २०३७)



झपट पुरस्कारको अवसरमा डा. दयाराम श्रेष्ठलाई खादा ओढाइदिँदै
वरिष्ठ कवि वैरागी काइँला



मदनमणि दीक्षितलाई झपट पुरस्कार समर्पण गरिँदै (वि.सं. २०७२)



झपट पुरस्कार समर्पण समारोहमा राष्ट्रकवि माधव घिमिरे,
स्वामी प्रपन्नाचार्य लगायतका अतिथि तथा सहभागीहरू



झपट पुरस्कार तथा सैनध्वज नन्दकुमारी शोधपुरस्कारबाट सम्मानित स्रष्टाहरू



झपट पुरस्कार समर्पण समारोहमा प्रा.डा. दयाराम श्रेष्ठ, श्रीमती केशरकुमारी राणा, ठाकुरप्रसाद पराजुली र राजेन्द्र सुवेदी



झपट पुरस्कार समर्पण समारोहमा सहभागी विशिष्ट स्रष्टाहरू



झपट पुरस्कार समर्पण समारोहमा सहभागीहरू (वि.सं. २०८०)



झपट पुरस्कार समर्पण समारोहमा उपस्थित सहभागीहरू (वि.सं. २०८०)



झपट पुरस्कार समर्पण समारोहमा उपस्थित सहभागीहरू (वि.सं. २०८०)



झपट पुरस्कार समर्पण कार्यक्रमका अवसरमा
महासमालोचक वासुदेव त्रिपाठीका साथ जुही राज्यलक्ष्मी



झपट पुरस्कार व्यवस्था समितिका सल्लाहकारद्वय
नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईका साथमा रेखा र अरुण



राष्ट्रकवि माधव घिमिरे र रेखा राणा



झपट पुरस्कार व्यवस्था समितिका उपाध्यक्ष प्रा. केशव सुवेदी, कमलजङ्ग कुँवर, रेखा राणा र भगवती बस्नेत

# रुपट पुरस्कार अभिलेख



रुपट पुरस्कार व्यवस्था समिति

ऋपट पुरस्कार व्यवस्था समिति
केशरकुञ्ज, लाखेचौर मार्ग
मध्य बानेश्वर-१०, काठमाडौं